
# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



चैत्यहरूको माझमा अवस्थित धर्मकीर्ति विहार

वर्ष-२७, अङ्क-४

DHARMAKIRTI

बु.सं. २५५३, गुँपुन्हि

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## ■ विषय-सूचि ■


| क्र.सं. | विषय | लेखक | पेज नम्बर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | - | १ |
| २. | सम्पादकीय- आफ्नो मालिक आफै हो | - | २ |
| ३. | धर्म एक एक व्यक्तिको | - सत्यनारायण गोयन्का | ३ |
| ४. | धम्मपद-२२३ | - रीना तुलाधर (बनिया) | ४ |
| ५. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | - | ५ |
| ६. | धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनलाई आर्थिक सहयोगदिने | - | ५ |
| ७. | बुद्धशासनको इतिहास-१० | - भिक्षु अमृतानन्द | ६ |
| ८. | केही बौद्ध विश्वासहरू...१० | - ले.के श्रीधम्मानन्द, अनु. वरदेश मानन्धर | ७ |
| ९. | धनको आकर्षण | - नरेन्द्रनाथ भट्टराई | ९ |
| १०. | मैत्री केन्द्र बाल आश्रमलाई सहयोग | - | ९ |
| ११. | अनुशासन | - प्रशुराम चौधरी | १० |
| १२. | अनन्त ज्योति-३ | - श्रद्धेय भिक्षु सिङ पुनका धर्मचिन्तन, अनु. देवकाजी [illegible] | ११ |
| १३. | नाता | - लक्ष्मीदेवी पौडेल | १२ |
| १४. | बौद्ध दर्शनका मान्यता | - श्याम रिमाल | १३ |
| १५. | मिन्तुना दु । | - सुभद्रा स्थापित | १४ |
| १६. | तथागत सुमंका | - बुद्ध शाक्य | १४ |
| १७. | बाउरे र कुकुरा | - केदार शाक्य | १५ |
| १८. | धर्मकीर्ति विहार-गतिविधि | - | १७ |
| १९. | शुभकामना धम्मवती गुरुमां छःपित्त | - लक्ष्मी हीरा तुलाधर | २३ |
| २०. | धात्थेंगु सुख | - भरत राज चित्रकार | २३ |
| २१. | धर्म प्रचार-समाचार | - | २४ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया छ्गु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

[illegible]
[illegible]
फोन: ४२५ ८२५८

[illegible]
[illegible]
फोन: ४२५ [illegible]
[illegible]
फोन: ४२७ ११०८

[illegible]
[illegible]

[illegible]
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
४२५११७० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९२२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५३
नेपाल सम्वत् ११२९
इस्वी सम्वत् २००९
विक्रम सम्वत् २०६६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | १०/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**5th AUGUST 2009**

वर्ष - २७ | अङ्क - [illegible] | [illegible] | [illegible] २०६६




जबसम्म बढी कुरा र भाषण मात्र गर्ने बानी हुन्छ, त्यसबेलासम्म त्यस्तो व्यक्तिलाई धर्मधर भन्न मिल्दैन । अलिकति मात्र सुनेर पनि धर्मको कुरा सुनेपछि धर्मानुकूल आचरण गरी प्रमाद नहुने व्यक्तिलाई नै धर्मधर भनिन्छ ।

ईर्ष्यालु, कपटी र छली व्यक्ति वक्ता हुँदैमा र सुन्दर रूप हुँदैमा त्यसलाई राम्रो व्यक्ति भन्न मिल्दैन ।

जुन व्यक्तिमा सत्य, धर्म, अहिंसा, संयम र दम आदि सद्गुणहरू हुन्छन् उस्तो निर्मल एवं धीर व्यक्तिलाई मात्र स्थविर भन्न मिल्छ ।

# आफ्नो मालिक आफै हो

भगवान बुद्ध भन्नु हुन्छ–

"अत्तहि अत्तनो नाथो कोहि नाथो परोसिया" –

अर्थात्,

"आफ्नो मालिक आफै हो अरू कोही होइन"।

यस उपदेशलाई धेरैजसो मानिसले बुझ्न सकेका छैनन् जस्तो लाग्छ। आफ्नो मालिक आफै हो भनेको हामीलाई कसैको सहयोग चाहिँदैन भनेको चाहिँ पक्कै पनि होइन। किनभने हामी सबसरको बालक कालमा छँदा आफ्नो आमा बुबाको सहयोग चाहिन्छ विद्यार्थीलाई गुरुको सहयोग चाहिन्छ। भगवान बुद्धले आफ्नो मालिक आफै हो भन्नु भएको नै यस संसारको दुःखबाट मुक्त हुनको लागि आफैंले मेहनत गर्नुपर्छ। यस कार्यमा अरू कसैले सहयोग गर्न सक्दैन भन्नु भएको हो।

भगवान बुद्धले अज्ञानीजनलाई बोध गर्नका लागि, ज्ञानी हुनका लागि मार्ग दर्शन गर्नुभयो। तर भगवान बुद्धले भन्नुभयो– "तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता" अर्थात तथागत (बुद्ध)हरू त मार्ग प्रदर्शक मात्र हुनुहुन्छ। काममा त आफू नै प्रयत्नशील भई लाग्नु पर्दछ।

भगवान् बुद्धले ४५ वर्ष सम्म संसारका कैयन मानिसहरूलाई धर्म र ज्ञानको उपदेश दिनुभयो। उहाँको त्यस पवित्र ज्ञानलाई सुनेर आफ्नो जीवनमा प्रयोग पनि गर्दै कैयन मानिसले आ-आफ्ना खराब आचरण, दुर्गुण र कमी कमजोरीहरूलाई निर्मूल पार्न सफल भए। फलस्वरूप उनीहरू एक असल मानिस बनी आ-आफ्नो जीवन सफल पारी भाग्यमानी बने। उनीहरू समाजमा विश्वास पात्र र कर्तव्यपरायण व्यक्ति बने।

अंगुलिमाल जस्तो हत्यारा, र आलवक जस्तो राक्षसी स्वभाव भएका व्यक्ति समेत भगवान् बुद्धको सद्उपदेश सुनी आफ्नो गलती महशूस गर्दै हृदय परिवर्तन गर्न सफल भए अर्थात बोध भए। उनीहरूलाई भगवान् बुद्धले हात समाती अज्ञानताको बाटोबाट तानेर लगी ज्ञानको बाटोमा डोऱ्याउनु भएको कदापि होइन। उहाँले त उनीहरूको कमी कमजोरी र गलतीलाई औंल्याउनु भई असल शिक्षा मात्र दिनु भएको थियो। बुद्धले देखाउनु भएको शिक्षालाई आ-आफ्नो जीवनमा उतार्ने कार्य उनीहरू आफैले गरेका थिए। त्यसैले उनीहरू बुद्धको आदर्श लिई बोध भए। त्यसैले उनीहरू आफ्नो मालिक आफै बनेका थिए। तर धेरैजसो मानिसहरूले बुद्धको सन्देशलाई बुझ्न सकेका छैनन्। त्यसैले उनीहरू बोध हुन सकेनन् र दुःखबाट मुक्त हुन सकेका छैनन्।

हामी बुद्ध, धर्म र संघको शरणमा जान्छौं। यसको मतलब आत्मसमर्पण गरेको चाहिँ होइन। मात्र भगवान् बुद्धले देखाउनु भएको मार्गमा लाग्न प्रतिबद्ध भएका हौं। बुद्धले सिकाउनु भएको शिक्षानुसार आ-आफ्नो आचरण राम्रो पारी जीवन सफल बनाउने हाम्रो दायित्व हो। बुद्ध गुणस्मरण गरी बुद्ध पूजा गर्ने भन्नुको मतलब नै भगवान् बुद्धका केही गुण आफूमा पनि आत्मसात गरी असल मानिस बन्न सक्नु। आफ्नो मालिक आफै हो भन्नुको तात्पर्य पनि यही हो।

पाठशालामा गई पढ्ने विद्यार्थीहरूले पनि शिक्षकबाट पढाइएका पाठहरू राम्ररी बुझेर खूब मेहनत गरेर ठीक तरिकाले पढ्न सकेमा मात्र जाँचमा उत्तीर्ण हुन सक्ने हुन्छ। जाँचमा पास होस् भनी प्रार्थना मात्र गर्दैमा पास हुने अवश्य पनि होइन। जाँचमा उत्तीर्ण हुने भनेको त विद्यार्थीको आफ्नै समझदारी र मेहनतको प्रतिफल हो। आफ्नो मालिक आफै हो भन्ने बुद्ध वचनको अर्थ पनि यही हो।

भगवान् बुद्धले हामीलाई असल व्यक्ति बन्ने शिक्षा दिनुभएको छ। असल मानिसहरूको समूहले मात्र देश बनाउन सक्छन्। होइन भने "आकाशको फल आँखा तरी मर" भने उखान चरितार्थ हुन पुग्नेछ। तर आजभोली मानिसलाई असल बनाउनु भन्दा पनि पण्डित बनाउने शिक्षाको मात्र जगजगी रहेको देखिन्छ। त्यसैले होला नयाँ नेपाल बनाउने कार्य पनि भाषणमा मात्र सीमित भइरहेको। हिंसा, हत्या, बन्द, चक्का जाम, अपहरण जस्ता दूषित कुकर्महरूले जताततै अशान्ति मच्चाइरहेका छन्।

भगवान् बुद्ध भन्नुहुन्छ– "राज्यले जनतालाई आधारभूत आवश्यकता परिपूर्ति गरी कर्तव्य पूरा गर्नुपर्छ भने जनताले पनि राज्य कर तिरी आफ्नो कर्तव्य पूरा गर्नुपर्छ।" यस बुद्ध शिक्षा पालन गर्न सकेमा मात्र हाम्रो देशले पनि आत्मनिर्भर बनी आफ्नो मालिक आफै बन्ने सपना पूरा गर्नसक्ने देखिन्छ।



Downloaded from http://www.dhamma.digital

# धर्म एक एक व्यक्तिको

■ सत्यनारायण गोयन्का

धर्म एक एक व्यक्तिमा हुन्छ । "एकं एव चरे धम्मं" – एक एक व्यक्तिले धर्मको आचरण गऱ्यो भने मात्र समाजको कल्याण हुन जान्छ । सारा जंगलमा खडेरी लागेमा यदि हामी त्यो हरामरा होस् भन्ने चाहन्छौं भने हरेक वृक्षमा पानी दिनु पर्ने हुन्छ । जब प्रत्येक जरामा पानी जान्छ तब एक एक रुख हरियो हुन्छ र सारा जंगल हरा-भरा हुन थाल्छ । प्रत्येक वृक्षको जरामा पानी गएन भने हामीले चाहेर पनि सारा जंगल हरा-भरा हुँदैन । यस्तै प्रकारले हामी चाहन्छौं कि प्रत्येक व्यक्ति धर्मवान् होस् वा नहोस् तर सारा समाजमा फेरि शान्ति आवोस् सारा समाज बढि सुखी होस्, बढि धर्मवान् होस् यस्तो हुन सम्भव छैन ।

हिन्दू धर्मको पक्ष लिनेवाला धेरै छन्, त्यस्तै नै बौद्ध धर्मको अनुयायीहरू पनि धेरै छन्, मुस्लिम धर्मको, जैन धर्मको, ईसाई धर्मको, सिक्ख धर्मको अनुयायी धेरै छन् । तर धर्मको अनुयायी कोही छैन, किन की धर्म धारण गर्नु धेरै कठिन छ । एक-एक व्यक्तिमा धर्म जगाउनु बढि कठिन काम हो । रक्षा एक एक व्यक्तिको, एक एक एकाईको हुन्छ । जुन व्यक्तिले आफू भित्र धर्म जगायो, उसको रक्षा हुन थाल्दछ, धर्मले उसको रक्षा गर्न थाल्दछ, प्रकृतिले उसको रक्षा गर्न थाल्दछ । उ दुःखबाट मुक्त हुन थाल्दछ । अब उसलाई केही भय हुँदैन । उ निर्भय भयो, निर्वैर भयो । अब उसको कोही वैरी छैन । कोही अर्को व्यक्ति गलत काम गर्दछ भने उस प्रति करूणा जाग्दछ, मैत्री जाग्दछ कि बिचरा रोगी छ, दुःखी छ, कस्तो विकार जगाइरहेछ र विकार जगाएर व्याकुल भइरहेछ । उसलाई पनि धर्म प्राप्त होस् । हिन्दू धर्म होइन, बौद्ध धर्म होइन, धर्म प्राप्त होस् । उसले पनि आफ्नो विकारहरूबाट मुक्त हुने विधि सिकोस्, आफ्नो चित्तलाई निर्मल पार्न सिकोस्, तब सुखी हुन थाल्छ– साँच्चै नै सुखी हुन थाल्छ । यस्तो करूणा जाग्न थाल्यो भने सम्भनु पर्छ कि उ धर्मवान् भयो । क्रोध जगाउन थाल्यो भने धर्मवान होइन । द्वेष जगाउन थाले भने धर्मवान होइन । इर्ष्या र अहंकार जगायो भने पनि धर्मवान होइन ।

कोही व्यक्ति आफूलाई धेरै धार्मिक भन्दछ, नानाथरिका अनेकौं कर्मकाण्ड गर्दछ, विभिन्न तरहको भेष-भूषा धारण गर्दछ, तर पनि यदि उसले आफ्नो मनमा विकार जगाउँदछ भने ऊ धर्मबाट धेरै टाढा छ । कसैले मैले यस्तो लुगा लगाईरहेछु तसर्थ म धर्मवान हुँ भनेर सम्झ्यो भने र धर्मको फण्डा उठाए भने त धर्म खतरामा पर्यो भनेर सम्के भयो । जब धर्मको नाममा देखावटि हुन थाल्छ तब धर्म खतरामा पर्यो ।

धर्म व्यक्ति व्यक्तिको हुन्छ । प्रत्येक व्यक्ति भित्र धर्म जगाउनु छ भने धर्मको जीवन जीउनु पर्दछ । जब यो कुरा बुझ्दछ धर्मलाई सम्प्रदायबाट बिल्कुल टाढा राख्नु पर्छ तब समाजमा धेरैभन्दा धेरै जनता धर्मको जीवन जीउन थाल्छ । फेरि देख्नेछौं यस समाजमा अधिक सुख शान्ति हुन्छ । किन कि यस समाजको अधिकतम जनता धर्मवान् छन् । अफ कोही कर्मकाण्ड गरोस् वा नगरोस् अथवा जुनसुकै कर्मकाण्ड गरोस् धर्मको जीवन जीउन थाल्यो भने मनको विकारहरूबाट मुक्त हुन थाल्दछ तब त्यो समाज सुखी हुन जान्छ, शान्तिसंग बस्ने हुन जान्छ । यस्तो देश शान्तिसंग रहने देश हुन जान्छ । यसरी नै सारा विश्व शान्तिमय बन्न सक्तछ । तर त्यसको लागि प्रत्येक व्यक्तिले धर्म धारण गर्नु पर्दछ ।

## बुद्धको समयका केही घटनाहरू

भाग्यशाली व्यक्तिहरू स्वयं भगवान तथागतको सम्पर्कमा आउँदछन् र उनको धर्ममयी अमृतवाणी सुनेर उत्साहित हुन्छन् । जीवन-मरणको भवचक्रबाट मुक्ति पाउनको लागि कृत संकल्पीत हुन्छन् । भगवानसँग साधना विधि सिकेर कुनै एकान्त स्थानमा गई भावना गर्दछन् । शीलको पालना गरेर समाधि पुष्ट बनाउँछन् र विपश्यना साधनाको अभ्यास गर्दछन् । यसरी आफ्नो एक-एक पूर्व संचित कर्म संस्कारहरूको प्रहाण गरेर चित्तलाई संस्कार-विहीन पार्दछन् । भव-बन्धन छेदन गर्दछन् । समस्त आस्रवहरू छेदन गरेर अनास्रव हुन्छन् । भार मुक्त हुन्छन्, पुन:र्जन्मबाट छुटकारा पाउँछन् त स्वभावैले भगवान प्रति असीम कृतज्ञताको भावना जगाउँदछन् ।

यस्तै भगु नामको एकजना शाक्य राजकुमार सद्धर्मको सम्पर्कमा आयो र श्रद्धापूर्वक प्रव्रजित भई विपश्यना साधनाको अभ्यास गर्न थाल्यो । परन्तु ध्यानको समयमा आलस्य हुन्थ्यो । आफ्नो मार्ग-दर्शक भन्नुहुन्थ्यो कि "धेरै आलस्य भयो भने चंक्रमण गर्नु केही बेर हिंड्दै साधना गर्नु ।" तब भिक्षु भगु जमिनभन्दा अलिक अग्लो स्थानमा गई साधना गर्न थाले परन्तु उसको निन्द्रा यस्तो प्रबल थियो कि चंक्रमण गर्दा गर्दै त्यहाँबाट भुक्लुक्क तल लडे । भिक्षु भगुले आफ्नो लुगामा लागेको धुलो टकूटक्याए र उठे । यस घटनाबाट हतोत्साहित हुनुको बदला झन पराक्रम पूर्वक

चंक्रमण गर्न लागे । निन्द्रा-आलस्यको यस आवरणलाई भगायो र साधनामा पुष्ट बनायो । यसरी चंक्रमण गर्दागर्दै मनलाई सजग र समाहित पनि बनायो । उसले भने–

ततो मे मनसीकारो योनिसो उदपज्जथ

मेरो मनमा योनिसोमनसिकार जाग्यो सम्यक् संकल्प जाग्यो । फेरि भन्यो, "यस चित्त र शरीर प्रपंचको प्रति जुन आसक्ति छ त्यो कस्तो खतरनाक छ, यसको बोध भयो । परिणाम स्वरूप यस प्रपंच प्रति निर्वेद जाग्यो र मन स्थिर भयो । यसबाट मेरो चित्त विमुक्त भयो । सम्पूर्ण संस्कार हरूबाट छुट्कारा पाएँ ।"

पस्स धम्मसुधम्मतं – हेर, धर्मको यस सुधर्मतालाई हेर, तिस्सो विज्जा अनुप्पत्ता – मैले तीनै विद्या प्राप्त गरें । कतं बुद्धस्स सासनं

बुद्धको शासन अर्थात् बुद्धको शिक्षा पुरा गरें। यसरी धर्मको महिमा गाउने विमुक्त साधक बुद्धको नै महिमा गाउँदछन् । धर्मको वन्दना गर्ने व्यक्तिले बुद्धको वन्दना गर्दछन् ।

x x x

भगवान एकान्त प्रिय हुनुहुन्थ्यो । समय-समयमा कुनै शान्त-एकान्त स्थानमा गएर ध्यान गर्न जानुहुन्थ्यो । यस्तो देखेर ब्राह्मण जानोश्रेणिलाई सन्देह भएछ कि विमुक्त हुनु भएको भगवान बुद्धलाई के कमी भएर उहाँ समय समयमा एकान्त स्थानमा गएर ध्यान गर्नुहुन्छ? यस प्रश्नको उत्तर दिनुहुँदै भगवान बुद्धले भन्नु भयो– "ब्राह्मण म दुई कारणले एकान्तमा बस्छु । एउटा कारण त यस शरीरको सुख-विहारको लागि अर्थात यो शरीरलाई सुखी र स्वस्थ राख्नको लागि अर्को कारण लोक माथि अनुकम्पा राख्दै उनको मार्गदर्शनको लागि ता कि उनीहरूले मेरो अनुसरण गरोस् र सफलभागी बनोस् ।"

यसैकारण अरहन्त भइसके पछि पनि अनेक भिक्षुहरू, भिक्षुणीहरू समय-समयमा एकान्त अरण्यमा गएर ध्यान गर्दथे । महाप्रज्ञा खेमा पनि एकपटक एकान्त अरण्यमा गएर ध्यान गर्न गएछ ।

गृहस्थ जीवनमा अती रुपवती खेमा अब ब्रह्मचारिणी जीवन जिउन थालेकी थिइन् । उनको चेहरामा धर्मतेज प्रज्वलित भएको देखिन्थ्यो । उनी झन रुपवती देखिन थाल्यो । उनको भूतकालको जीवनलाई ध्यानमा राखेर मारले कामभोग तर्फ पुन: आकर्षित गर्ने प्रयत्न गऱ्यो । मार सुन्दर युवकको रुप धारण गरेर उनको समीप गएर उस्लाई फकाउने चेष्टा गर्दै भन्न थाले, "ए रूपवती ! तिमी पनि युवा छौ म पनि युवा छुँ ।" खेमालाई वाद्य-गायनमा निक्कै शौक थियो । अत: उनलाई फकाउने बोलीमा भन्न थाले, "आऊ खेमा ! हामी पाँच प्रकारका वाद्य-संगीतको आनन्द लिऊँ र कामभोगमा रमण गरौं ।"

दुष्ट कामदेवको यस आमन्त्रणले त्यस विमुक्त अरहंत साध्वीलाई के असर पऱ्यो र ? उनले धर्ममय उत्तर दिँदै भनिन, "मैले कामतृष्णाको जरा नै उखेलेर फालिदिएँ । यस भंगुर, पस्नाउने शरीरको कामभोग गर्नु घृणित छ, भयावह छ, लज्जाजनक छ ।" "हेर यो काम-शक्ति भाला-बर्छी झैं तिखो छ । यो कामस्कन्ध कसाईको छुरी झैं धारिलो छ । तिम्रो कामरतिको साधन मेरो लागि घृणित छ ।"

"मैले काम-भोगको सम्पूर्ण अभिरुचिलाई नष्ट गरिसकें । आफू भित्र प्रज्वलित प्रज्ञाको प्रकाशले अविद्याको सारा अन्धकारलाई हटाईसकें । प्राणिहरूलाई कामभोगमा उल्झाई राख्ने मार । प्राणिहरूलाई बारम्बार जन्म-मरणको चक्करमा फसाई राख्ने अंतक । मैले तिमीलाई पराजीत गरीसकें, तिम्रो अन्त गरीसकें ।"

जीवन मुक्त भइसकेकी खेमालाई दुष्ट मारले कहाँ फसाउन सक्थ्यो र ?

उनी जान्दथ्यो कि ती कामदेव मारको आक्रमण कहाँ हुन्छ ? जो व्यक्तिले आफू भित्रको यथाभूत सत्यको विपश्यना गरेर काम संस्कारको, भव-संस्कारको उन्मूलन गरीसकछ उसमाथि यो मारले आक्रमण गर्न सक्दैन । जो व्यक्ति यथाभूत ज्ञानदर्शनबाट वंचित रहन्छ, विभिन्न नक्षत्रको पूजा आजा गरी, अग्नि परिचर्या आदि गरेर आफूलाई मुक्त भएको, शुद्ध भएको थान्दछ, विकार विमुक्त भएको थान्दछ भने ती व्यक्तिहरूलाई मारले आक्रमण गर्दछ । अत: वर्षौ कर्मकाण्डी तपस्या गरेतापनि अन्तमा मारको जालमा फसाउछ । यस्तो व्यक्ति र अरहन्त व्यक्तिको मुकावला हुन सक्दैन । मैले त बुद्धलाई नमस्कार गरेको छु कुनै नक्षत्रलाई नमस्कार गरेको छैन ।

बुद्धलाई नमस्कार कसरी गर्नुपर्छ ? बुद्ध बुद्धपुत्री राम्ररी जान्दछन् । पंचांग अथवा साष्टांग प्रणाम गर्नुमात्र बुद्धलाई गरेको सही नमस्कार होइन । बुद्ध शासन अर्थात् उनको शिक्षालाई पूरा गर्नु नै सही बुद्ध-वन्दना हो । शुद्ध शीलको पालन गरेर, कल्पना विहीन सत्यको आलम्बन लिएर चित्त एकाग्र गर्नु र एकाग्र चित्तले आफू भित्र नाम र रूप अर्थात् चित्त र शरीरस्कन्धको यथाभूत दर्शन गर्दै अन्तरमनको गहिराईसम्मको सारा अनुशय-क्लेश हटाउनु, रागबाट विमुक्त रहेर जन्म मरणको भय दु:खबाट विमुक्त हुनु नै बुद्ध शासन पूरा गर्नु हो । बुद्धलाई गरेको सही नमस्कार हो ।

साधकहरू आऊ । हामी पनि यस्तै प्रकारले महाकारुणिक शास्ताको शासन पूरा गरौं । भगवान सम्यक सम्बुद्धलाई यसरी सही नमस्कार गरौं र आफ्नो कल्याण गरौं ।

*साभार- बुद्ध वर्ष २५५२, चैत्र २०६४, वर्ष ३८, अङ्क १२*



Downloaded from http://www.dhamma.digital

# धम्मपद – २२३

■ रीना तुलाधर (बनिया) *'परियत्ति सद्धम्म कोविद'*

**कासावकण्ठा बहवो – पापधम्मा असञ्ञता**
**पापा पापेहि कम्मेहि – निरयं ते उपपज्जरे**

*अर्थ*– काँधमा काषाय वस्त्र लगाई असंयमी पापी भएर बस्ने धेरै छन्, त्यस्ता पापीहरू आफ्नो पापकर्मको कारणले नरकमा उत्पन्न हुन्छन् ।

*घटना*– उपरोक्त गाथा भगवान बुद्धले वेणुवनाराम विहारमा बस्नु हुँदा पाप फल भोगिरहेका प्रेतहरूको कारणमा भन्नु भएको थियो ।

एकदिन भिक्षु मौदगल्यायन भिक्षु लक्खण सँगै गृद्धकुट पर्वतबाट ओर्लीरहेका थिए । त्यहाँ केही प्रेतहरूको भयावह स्थिति देखेर मौदगल्यायन स्थविरको जिउ काँप्यो । लक्खण स्थविरले यो देखी किन यसरी काँपेको भनी सोध्दा मौदगल्यायन स्थविरले भन्नुभयो-यो कुरा म तथागतको सामू भन्नेछु ।

पछि उनीहरू भगवान् बुद्धको सामू पुगेपछि लक्खण स्थविरले सोही कुरा मौदगल्यायन स्थविरसँग सोधें । मौदगल्यायनले वहाँ आफूले कंकाल मात्र रहेको प्रेत एउटा देखेको त्यस्तै पाँचजना भिक्षुहरू देखेको जसको जिउ आगोमा जलीरहेको थियो । चीवर, कायबन्धन पनि जलीरहेको थियो ।

यो कुरा सुनेपछि भगवान बुद्धले भन्नुभयो–"काश्यप बुद्धको पालामा यिनीहरू भिक्षु भावमा बसेर पनि सोही अनुरूप शील पालन नगरीकन धेरै पापकर्म गरेका थिए । भिक्षु भएर पनि यस्तो दुराचारी भएकोले नरक भोग गरीकन अहिले पनि विपाक भोगिराखेका छन् । यसै कुराको सिलसिलामा भगवान बुद्धले उही समय त्यहाँ उपस्थित अरू भिक्षुहरूलाई पनि सम्बोधन गरी दुश्चरित्र कर्मको विपाक बारे धर्मदेशना गर्नुभयो र उपरोक्त गाथा भन्नुभयो । ■

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. [illegible]
[illegible]
[illegible], ललितपुर
रु. १०००/-

क्र.सं. ६२९
नानी मैंया शाक्य
कुपण्डोल, ललितपुर
रु. १०००/-

क्र.सं. ६३०
श्रीमान् राज शाक्य
[illegible]
ललितपुर
रु. १०००/-

क्र.सं. ६३१
श्रीमान हिरामान शाक्य
[illegible]
चाबहिल, काठमाडौं
रु. १००१/-

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६६/३/१६ | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६६/३/२३ | चमेली गुरुमां | भिक्षु निग्रोध |
| २०६६/३/३१ | कुसुम गुरुमां | कुसुम गुरुमां |
| २०६६/४/१ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६६/४/७ | केशावती गुरुमां | केशावती गुरुमां |

[illegible]

(१) २०६६ असार १८ गते, धम्मवती गुरुमां बाट – रु. ३०००/–
(२) २०६६ जेष्ठ १७ गते, पाइलट रवि तुलाधर बाट– रु. ५०००/–
(३) २०६६ असार ६ गते, मानकाजी शाक्य बाट– रु. १०००/–
(४) २०६६ असार २७ गते, डा. मोलिनी गुरुमां र डा. धम्मविजया गुरुमां बाट रु. ५०००/–

**"पापको फल भोग गर्नुनपरेसम्म मूर्खले आफूले गरेको खराब कामलाई मह जस्तो ठान्दछ तर पापको फल भोग्नु पर्दा दुःखित हुन्छ ।"**
**"जुन कामको फल भोग गर्दा आँसु बहाई पछुतो गर्नुपर्ला त्यस्तो काम सज्जनले नगर्नुनै बेस हो ।"**
**– धम्मपद**

# बुद्धशासनको इतिहास–१०

■ भिक्षु अमृतानन्द

"सुन्नु होस् भन्ते संघ ! सातौं अधिकरणको विनिश्चय संघले यसरी गऱ्यो– 'दहि नजमेको हुन्छ' भन्ने कुरा अधर्मयुक्त, अविनययुक्त र तथागतको वचनबाट बाहिर पर्छ; अतएव: 'दहि नजमेको हुँदैन' भन्ने निर्णय भयो । यो सातौं विनिश्चय भयो । यो सातौं दियालो झिकें ।

(८) रक्सी नभएको हुन्छ कि भन्ते ?

रक्सी नभएको हुन्छ कि भनेको के ?

भन्ते ! रक्सि बनाउन भनेर कट् आदि बनाइ राखेको,साँच्चिकै रक्सी नबनेको जाँड आदि र अन्य फलफूलबाट बनाइएको नशा लाग्ने पदार्थ पिउन हुन्छकि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

कहाँ हुँदैन भनी राखेको छ भन्ते ?

कौशाम्बीमा, सूत्रविभङ्गमा ।

(पियो भने) के आपत्ति हुन्छ ?

सुरामेरय पाने पाचित्तियं भन्ने आपत्ती हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनु भयो–

"सुन्नु होस् भन्ते संघ ! आठौं अधिकरणको विनिश्चय संघले यसरी दियो– 'रक्सी नबनेको हुन्छ' भन्ने कुरा अधर्मयुक्त अविनययुक्त, र तथागतको आज्ञाबाट बाहिर पर्छ, अतएव 'रक्सी नभएको पनि हुँदैन' भन्ने निर्णय भयो । यो आठौं विनिश्चय भयो । यो आठौं दियालो झिकें ।

(९) संजाप नभएको (लम्पत्) मा बस्नु हुन्छ कि भन्ते ?

हुँदैन आवुसो ।

कहाँ हुँदैन भनी राखेको छ ?

श्रावस्तिमा सूत्र विभङ्गमा ।

(बस्यो भने) के आपत्ति हुन्छ त भन्ते ?

छेदनके पाचित्तियं भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनु भयो–

"सुन्नु होस् भन्ते संघ ! नवौं अधिकरणको विनिश्चय संघले यसरी दियो– 'संजाप नभएको हुन्छ' भन्ने कुरा अधर्मयुक्त अविनय युक्त र तथागतको वचनबाट बाहिर पर्छ; अतएव 'संजाप नभएको हुँदैन' भन्ने निर्णय भयो । यो नवौं निर्णय भयो । यो नवौं दियालो झिकें ।

(१०) सुन चाँदि (ग्रहण गर्न) हुन्छ कि भन्ते ?

हुँदैन आवुसो ।

कहाँ हुँदैन भनीराखेको छ त ?

राजगृहमा, सुत्तविभङ्गमा ।

(लियो भने) के आपत्ति हुन्छ ।

जातरूप रजत पटिग्गहणे पाचित्तियं भन्ने आपत्ति हुन्छ ।

यति सोधी सकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनुभयो–

"सुन्नु होस् भन्ते संघ ! दसौं अधिकरणको विनिश्चय संघले यसरी गऱ्यो 'सुन चाँदी (ग्रहण गर्न) हुन्छ' भन्ने कुरा अधर्मयुक्त, अविनययुक्त र तथागतको वचनबाट बाहिर पर्छ; अतएव सुन चाँदी (ग्रहण गर्न) हुँदैन भन्ने निर्णय भयो । यो दसौं विनिश्चय भयो । यो दसौं दियालो झिकें ।

यस प्रकारले प्रत्येक अधिकरणको विनिश्चय भैसकेपछि सकल वैशाली निवासी भिक्षु भिक्षुणी, उपासक उपासिकाहरूलाई पनि यो विनिश्चयको कुरा सुनाउन संघहरूले एक सर्वसाधारण अधिवेशन बोलाई पहिले झैं दश अधिकरणको विषयमा प्रश्न उत्तर सुनाए ।

अनि ७०० प्रतिसम्भिदा लाभी अर्हतहरू भेला भएर वैशाली◆को वालुकाराममा कालाशोक राजाको संरक्षणमा प्रथम संगायनमा महाकाश्यप महास्थविरहरूले झैं धर्म संगायना गरे । श्रावण पूर्णिमाका दिन संगायनाको कार्य आरम्भ भयो । आठ महिना भएपछि समाप्त भयो । यस संगायनाको रेवत महास्थविरले प्रश्न गर्नुभयो । सर्वकामी महास्थवीरले उत्तर दिनु भयो । सातसय भिक्षुहरू भएको हुनाले यस द्वितीय संगायनालाई सप्तशतिक पनि भन्दछन् । ■

क्रमश:

◆ कुनै ठाउँमा कोशाम्बि छ ।





Downloaded from http://www.dhamma.digital

# केही बौद्ध विश्वासहरू...१०

■ ले. के श्रीधम्मानन्द, अनु. वरदेश मानन्धर

बौद्धहरु यो विश्वास गर्छन् कि उनीहरू जो अहिले पुण्य कार्य गर्छन् मैत्री बुद्धको समयमा मनुष्य भै जन्म हुने छन् र गौतम बुद्धले बताउनु भए जस्तैको निर्वाण प्राप्त गर्ने छन् । यस प्रकार वहाँका शिक्षाद्वारा मुक्ति पाउन सक्ने छ । वहाँको शिक्षा सबैका लागि भविष्यको आशा बन्न सक्ने छ ।

**बुद्धका उत्तराधिकारी**

बुद्धिमान मान्छेले मात्रै प्राप्त गर्न सक्ने सबै भन्दा उच्च तह नै बुद्धत्व प्राप्ति हो ।

धेरै मान्छेहरू सोध्छन् कि किन बुद्धले उत्तराधिकारी नियुक्त गर्नु भएन ? कसले पनि अर्कालाई सम्यक् सम्बुद्धको स्थान लिन नियुक्त गर्न सक्दैन । बुद्धिमान मान्छेले मात्रै प्राप्त गर्न सक्ने सबै भन्दा उच्च शिखर बुद्धत्व प्राप्ति नै हो । यस उच्च स्थान प्राप्त गर्न त्यस व्यक्तिमा आफुलाई तालिम गर्ने, अनुशासित गर्ने नैतिक पृष्ठभूमि, सर्वज्ञ ज्ञान र सबै प्राणी माथि असाधारण करूणा जस्ता सच्चा योग्यताहरू हुनु पर्छ । त्यसैले कसैले पनि आफैलाई बुद्धत्व प्राप्तिको लागि योग्य बनाउने कष्ट उठाउन पर्छ उदारहरण स्वरूप एउटा डाक्टरले उसको आफ्नै छोरालाई पनि डाक्टरको रूपमा नियुक्त गर्न सक्दैन जबसम्म छोरो चाहिँले आफूलाई डाक्टर बन्न योग्य बनाउँदछ । एउटा वकिलले अर्को चाहिने योग्यता हासिल गर्दैन । एउटा वैज्ञानिकले अर्को व्यक्तिलाई वकिल नियुक्त गर्न सक्दैन जबसम्म ऊ आफैले चाहिने योग्यता हासिल गर्दैन । एउटा वैज्ञानिकले अर्को व्यक्तिलाई वैज्ञानिक नियुक्त गर्न सक्दैन जबसम्म त्यस व्यक्तिमा वैज्ञानिक बन्न चाहिने ज्ञान हुँदैन । त्यसैले बुद्धले उत्तराधिकारीको नियुक्त गर्नु भएन । यदि बुद्धले यस्तो गर्नु भएको खण्डमा पनि उहाँको स्थानमा आउने व्यक्तिमा बुद्धमा हुनुपर्ने सच्चा गुणहरू हुने थिएन र अवश्य पनि अधिकारको दुरूपयोग गर्थ्यो होला र आम जनतालाई खराबी तिर लग्थ्यो होला ।

**पुनर्जन्म**

असन्तुष्ट इच्छा नै पुनर्जन्मको कारण हो ।

बौद्धहरूले पुनर्जन्मको शिक्षालाई मात्र एउटा शिक्षाको रूपमा लिन्दैन बरू एउटा प्रमाणित गरेर देख्न सक्नेको रूपमा लिन्दछन् । पुनर्जन्म प्रतिको विश्वास बुद्ध धर्मको एउटा प्रमुख शिद्धान्तको रूपमा रहेको छ ।

तैपनि, पुनर्जन्म प्रतिको विश्वास बौद्धहरूमा मात्रै सीमित रहेको छैन, अरू देश, धर्म एवं स्वतन्त्र विचारकहरू मध्यमा पनि यस्तो विश्वास पाउन्छौं पाइठागोरस आफ्नो पहिलेको जीवनको कुरा सम्झिन सक्थ्यो । प्लेटो आफ्नो ११ वटा पहिलाका जीवनका कुरा सम्झन सक्थ्यो । प्लेटोका अनुसार मान्छेले १० पटक सम्म मात्र पुनर्जन्म पाउन सक्तछ । अरू जनावरको रूपमा पनि पुनर्जन्म हुन्छ भन्ने कुरामा प्लेटो विश्वास गर्दथ्यो । इजिप्ट र चीनका पहिलेका मानिसहरूमा वादशाह र राजाहरू जस्ता प्रख्यात व्यक्तिहरूको मात्रै पुनर्जन्म हुन्छ भन्ने विश्वास थियो । प्रख्यात इसाई विद्वान ओरोगन (१८५-२५४ इ.स.) पनि पुनर्जन्ममा विश्वास गर्दथ्यो । उसको अनुसार नरकमा कुनै प्रकारको मानसिक पीडा हुन्दैन । १६ औं शताब्दीमा गोटान बुढो मान्छे र जनावरहरू सबैको आत्मा एक जीवनबाट अर्को जीवनमा प्रवेश गर्दछ भन्ने विश्वास गर्थ्यो । सन १७८८ मा प्रसिद्ध दार्शनिक कान्तले शाश्वत दण्डको आलोचना गरे । उसले अरू देवलोकमा पुनर्जन्म हुन सक्ने कुरामा विश्वास गर्थ्यो । अर्को दार्शनिक सोफेन हवर (१७८८-१८६०) का अनुसार जहाँ बाँच्ने इच्छा हुन्दछ त्यहाँ आवश्यक जीवन हुनै पर्छ । बाँच्ने इच्छाले पर्दा जहिले पनि नयाँ जीवन बन्दै जान्दछ । बुद्धले यस बाँच्ने इच्छालाई भव तृष्णा भन्नु भएको छ ।

हाम्रो पुनर्जन्म बारे पत्ता लगाउनु सजिलो नभएता पनि सम्भव चाहिं छ । हाम्रो मनको स्वभाव यस्तो छ कि धेरै जसो व्यक्तिहरूले पहिलेको जन्मका कुराहरू सम्झन सक्तैन । हाम्रो मनलाई ५वटा वाधा (क्लेश) हरूले प्रभाव पारि राखेको हुन्छ -काम तृष्णा (इच्छा) व्यापाद, अल्सीपना, चञ्चलपना र शङ्का, यी पाँच वाधा (दुषण) ले गर्दा हामीले यहींकै कुरा मात्र देख्न सक्छौं र अर्को जन्म बारे देख्न सक्तैनौं । जसरी मैलो ऐनामा प्रतिविम्ब देख्न सक्तैन त्यसरी नै (दुषित) मनले पहिलेका जन्मका कुरा सम्झिन सक्दैन । दिनमा हामी ताराहरू नभएर होइन वरू उनीहरूलाई सूर्यको प्रकाशले मलिन (धमिलो) पारी दिनाले नै हो । त्यसरी नै हामीले पहिलेका जन्मका कुरा सम्झन नसक्नुको कारण अहिले हाम्रो मन दैनिक घटनाहरू एवं लौकिक विषयहरू जस्ता वर्तमानले मात्र भरी रहेको हुनाले हो ।

यस संसारमा हाम्रो छोटो बासु (जीवन) बारे विचार गरेमा पुनर्जन्म बारे विचार गर्न हामीलाई सजिलो पर्ने छ – यदि हामीले जीवन र यसको वास्तविक (यथार्थ) अर्थ र लक्ष्य एवं मान्छेले गर्न सक्ने विविध अनुभव तर्फ विचार गरेको खण्डमा हामी यो निष्कर्षमा पुग्ने छौं कि मान्छेले उसले आफ्नो इच्छा गरेको कामहरू कामहरू बारे कुरै नगरे पनि प्रकृतिले दिइएको ती सबै कामहरू मात्र गर्न पनि उसलाई एउटै जीवनमा समय पुग्दैन। यसबारे प्रशस्त अनुभवहरू छन्‌ ।मान्छेमा अपार शक्तिको भण्डार लुकिरहेको छ जुन सुहाउँदो अवसर दिएको खण्डमा हामी देख्न, विकास गर्न सक्ने छौं । ज्ञान यसको सीमा एवं विभिन्नता अपरिमीत छ हाम्रो सामु छ। यो कुरा विशिष्ट अनुसन्धान नै नियम भएको आजको समयमा फन सत्य छ । हामी आफूमा उच्च अभिलाषाहरू पाउँछौं । तर ती पूरा गर्न समय नै हुँदैन। त्यसरी नै लालच र इच्छाका सेनाहरू, स्वार्थी आकांक्षा एव अभिलाषाहरूले हामी आफू भित्र र अरूसित लडाई मराउँछ । मृत्युको समय सम्म पनि मानिसहरूले हामीलाई उकँस्दै रहन्छ । यी सबै शक्तिहरूलाई सामना गर्नु पर्दछ, हराउनु पर्दछ, अधिकारमा राख्नु पर्दछ र राम्ररी प्रयोग गर्नु पर्दछ । एउटा जीवन यी सबैको लागि प्रर्याप्त छैन। यी सबै सम्भाव्यताहरू हामी सामु राखेर हामीहरूको एउटै मात्र जीवन हुन्छ भन्नु र ती विकास गर्न सम्भव छ भन्नु यो ब्रम्हाण्ड र जीवन माथि नै ठूलो र निष्ठुर व्यङ्ग गर्नु हो।

बुद्ध धर्मको पुनर्जन्म बारेको सिद्धान्त अरू धर्मको आत्मा एक जीवनबाट अर्को जीवनमा प्रवेश गर्नु र पुनः अवतार लिने कुराहरू भन्दा फरक छ। बौद्धहरूले नित्य ईश्वर-द्वारा सृष्टि गरिएको आत्माको अस्तित्व वा त्यस्तो अपरिवर्तनीय कुरा जुन एक जीवनबाट अर्कोमा प्रवेश गर्छ भन्ने स्वीकार गर्दैनन्‌ ।

बौद्धहरू यो विश्वास गर्दैनन्‌ कि सुख र दुखको दुई अनन्तताको बिचको यही नै एउटै मात्र जीवन हो न त उनीहरू यो नै विश्वास गर्दछन्‌ कि देवदूतहरूले उनीहरूलाई स्वर्गमा लग्ने छ र त्यहाँ उनीहरू अनन्त कालसम्म रही रहने छन्‌। सत्वहरूका असंख्य अवस्थाहरू मध्ये यो वर्तमान जीवन एउटै मात्र (जीवन) हो र यस सांसारिक जीवन धेरै कथाहरू बिचको एक उप-कथा मात्र हो भन्ने कुरामा पनि विश्वास गर्दैनन्‌। उनीहरू यो विश्वास गर्छन्‌ कि जब सम्म उनीहरूको अर्ध-चेतन मनमा असल र खराब कर्महरू बाँकिरहेका हुन्छन्‌ तब सम्म सबै जीवहरू कहीं न कहीं केही समय सम्मको लागि पुनर्जन्म हुनेछन्‌ ।

पुनर्जन्मको कारण के हो त ? बुद्धले भन्नु भएको छ अज्ञानताले इच्छा (तृष्णा) उत्पन्न गर्दछ र असन्तुष्ट इच्छा नै पुनर्जन्मको कारण हो। जब सबै असन्तुष्ट इच्छाहरूको निर्मुल हुन्छ तब पुनर्जन्म पनि हुँदैन । पुनर्जन्म रोक्नु नै इच्छाहरूको निर्मुल हुन्छ तब पुनर्जन्म पनि हुँदैन। पुनर्जन्म रोक्नु नै इच्छाहरूको निर्मुल गर्नु हो। इच्छाको निर्मुल गर्न अज्ञानतालाई खत्तम पार्नु पर्दछ । जब अज्ञानता नष्ट हुन्छ तब त्यहाँ प्रत्येक पुर्नःजन्म, जुन आफैमा अन्त छ, का दोषहरू एवं त्यस प्रकारको जीवन पद्धतिको, जसद्वारा बारम्बार जन्म लिनु पर्ने आवश्यकतालाई बुझ्ने छ। अज्ञानताले गर्दा नै एउटै मात्र जीवन छ, एउटा जीवन पछि दुःख र सुखको अनन्त अवस्था आउँछ जस्ता भ्रमपूर्ण, युक्ति सङ्गत नभएका विचारहरू राखेका हुन्छन्‌ ।

बुद्धले अज्ञानतालाई हटाउन सक्तछ र चार आर्यसत्यद्वारा दुःखको अन्त्य गर्न सक्छ भनेर सिकाउनु भएको छ । अज्ञानता हटाउनको लागि हामीले धैर्यपूर्वक आचरण, बुद्धि, ज्ञान र बोधिसत्व गुणको अभ्यास गर्नु पर्दछ । हामीले निम्न तहको व्यक्तिगत सुखको सबै आशाहरूको अन्त्त गर्नु पर्दछ ।

पुनर्जन्म कसरी लिइन्छ ? यो भौतिक देह बेकम्मा भैसके पछि संस्कारहरू यसैसित अन्त्य हुँदैनन्‌ बरू अर्कै प्रकार आकार वा स्वरूप लिन्छन्‌ । जसलाई हामी अर्को शब्दमा अर्को जन्म भन्छौं । मनुष्यको रूपमा प्रकट भइरहेको कर्म-शक्ति जनावरको रूपमा पनि प्रकट हुन सक्छ । यस्तो जब हुन्छ तब मान्छेले आफ्नो कर्मलाई विकास गर्न सक्दैन । यो शक्ति-तृष्णा, इच्छा, संस्कार बाँच्ने आकांक्षा इत्यादि शरीरले काम गर्न छोडदैमा अन्त हुँदैन बरू यो अर्को जीवन बनाउँदै अर्को आकारमा प्रकट भइ रहन्छ जसलाई पुनर्जन्म भनिन्छ ।

अहिले पनि यस्ता मानिसहरू छन्‌ जसले आफ्नै इच्छाले पहिलेका जीवनका स्मरण गर्ने शक्तिको विकास गरेका छन्‌ । यी व्यक्तिहरूका अनुभवहरू अखबार एवं पत्रिकाहरूमा राम्ररी प्रकाशित भएका छन्‌ यी मध्ये केही व्यक्तिहरूले आफ्ना पहिला जीवनका कुरामात्र केही सम्झना नभएसम्म पुनर्जन्म छ भन्ने कुरा कहिल्यै पनि स्वीकारेका थिएनं। उनीहरूका धेरै कुराहरू (सम्झना) बारे अनुसन्धान गरेका छन्‌ र सत्य साबित भएका छन्‌ ।

सम्मोहनद्वारा केही व्यक्तिहरूले पहिलेका जीवन बारेका कुराहरू पत्ता लगाएका छन्‌ । केही सम्मोहन-द्वारा वसीभूत अवस्थाहरूले अर्धचेतन मनसम्म प्रभाव पारेर पहिलेका जीवनको कुरा सम्झिन सम्भव तुल्याएको छ ।

क्रमशः



Downloaded from http://www.dhamma.digital

# धनको आकर्षण

■ नरेन्द्रनाथ भट्टराई

धनको आकर्षणभन्दा कडा र बलियो आकर्षण अरू कुनै कुराको पनि छैन । अहिलेको संसारमा त झन् यसको आकर्षण पराकाष्ठामा पुगिसकेको छ । जता हेर धनकै महिमा, धनकै पछि सबै अन्धाधुन्द दौडिरहेका छन् । धनको लागि मानिसले के मात्र गर्न उद्यत भएको छैन ? धनको लागि बाबु काट्ने छोरा छन्, स्वास्नी बेच्ने लोग्ने छन्, आफ्नो दिदी बहिनीको साथै आफ्ना देवता तथा आफ्नो देशनै पनि बेच्ने तथा आफ्ना सन्ततिहरूलाई समेत सर्वनाश गर्ने मादक पदार्थहरूको व्यापारमा व्यस्त हुने मानिस पनि कम छैनन् । हुँदाहुँदा ज्ञान, ध्यान, पाठपूजा, दान, भजन, तीर्थ, व्रत समेत धनसँग बेचिन पुगिसके ।

गुरूकुलमा अध्ययन पूरा गरिसकेपछिको अन्तिम परीक्षा लिने सिलसिलामा धेरै पटकसम्म असफल भइरहेका एकजना विद्यार्थीलाई अन्तिम पटक गुरूले भन्नुभयो, "बाबू ! आज म तिम्रो अन्तिम परीक्षा लिन्छु, यसमा तिमी सफल भएनौ भने सदाको लागि असफल हुनेछौ ।" यति भनी गुरूले भित्रबाट एउटा हीरा-मोती जडिएको सानो बट्टा दिंदै भन्नुभयो, "यो बट्टा सुरक्षित ढङ्गले लगेर मेरो गुरूको सन्देश लिएर आऊ ।" चेलाले बट्टा लिएर हिंडे । करिब ३ कोस पर गुरूको कुटी थियो । एक कोस पर पुगेपछि चेलाले त्यो बट्टा राम्ररी हेरें । त्यस्तो बहुमूल्य बट्टाभित्र झन् कस्तो बहुमूल्य चीज राखिएको होला । हेरूँ हेरूँ मन लाग्यो । अर्को एक कोस पर पुगिन्जेल उनमा अनेकन् विचार आउन थाले । यस बट्टाभित्र जरूर अति मूल्यवान् वस्तु होला । आज यतिका वर्षसम्म पनि मलाई गुरूले सफल घोषित गर्नुभएन । यसभित्रको बहुमूल्य चीज बेच्न पाए त भविष्यको लागि मलाई पर्याप्त धन पुगिहाल्नेछ । यति विचार गरी बट्टाको बिर्को खोले । अपशोच ! बट्टाभित्रबाट एउटा झिङ्गो फुत्त निस्किएर भाग्यो । बट्टाको बिर्को बन्द गरेर गुरूको कुटीमा लगेर दिए । त्यहाँ गुरूले भन्नुभयो, "बाबू ! तिमी जीवनको परीक्षामा कहिल्यै पनि सफल हुन सक्दैनौ । जो मानिस धनलाई नै सर्वोपरि मान्दछ त्यो मानिस जीवनमा कहिल्यै सफल हुन सक्दैन ।"

*१. कसैको सहयोग विना हुने ज्ञानलाई प्रत्यक्ष ज्ञान भनिन्छ इन्द्रिय, मन, बुद्धिद्वारा भएको ज्ञान केवल जानकारी मात्र हो । हामीमा रहेको चेतना जो स्वयं प्रतिक्षण सबैले अनुभव गरिर हेकाछौं त्यही प्रत्यक्ष ज्ञान हो । यसको लागि कसैको सहायता चाहिन्न । आफैंले आफूलाई 'म को हुँ' भनी निहार्नुमात्र पर्दछ ।*

*२. हाम्रो जन्म अगाडि र मृत्यु पछाडिको अवस्था नै हाम्रो आफ्नो सच्चा अवस्था हो, त्यही नित्य, सत्य, आनन्द अवस्था हो । जन्म र मृत्यु बीचको अवस्था स्वप्नावस्था हो, अनित्य, असत्य, क्षणभंगुर अवस्था हो ।*

*३. बेहोश भन्दा ठूलो नर्क र होस भन्दा ठूलो स्वर्ग अर्को छैन ।*

*४. जो मनको मालिक हुन्छ त्यो विश्वको नै मालिक हुन्छ, जो मनको नोकर हुन्छ त्यो सबैको नोकर हुन्छ ।*

*साभारः परमात्माको दर्शन (चिन्तनद्वारा)*

"सधैं सत्य बोल्ने, क्रोध नगर्ने तथा माग्न आउनेलाई केहीनकेही दिने यी तीन काम गर्ने व्यक्ति देवलोकमा जान्छ ।" — धम्मपद

मैत्री केन्द्र बाल आश्रमलाई सहयोग यसप्रकार प्राप्तभएको छ–

१. रसेश बैंक, बनेपा — रु १००००/-
२. मितेरी छात्रवृत्ति कोष, बनेपा — रु. १,०००/-
३. कृष्ण बहादुर सिं रंजित — रु. १,०००/-
४. नव नारायण श्रेष्ठ, कीर्तिपुर — रु. २००/-
५. वीर्यपारमी गुरुमां मुल, ज्योति विहार लापाभार्लेबाट रु. १,७५९/- प्रदान
६. वीर्यपारमी गुरुमां बाट बाल आश्रमलाई भोजन तथा Presser Cooker प्रदान
७. हिरालाल नकर्मी, मैतीदेवी — रु. १,२०६/-
८. केशचन्द्र शाक्य, बनेपा — रु. ५००/-
९. चिनि शोभा कंसाकार, श्रीघः — रु. ५००/-
१०. केशचन्द्र शाक्य, बनेपा — रु. ५००/-

# अनुशासन

■ प्रशुराम चौधरी, कक्षा ११ (अमरज्योति, दिवा)

राष्ट्र, समाज, धर्म, संस्कृति तथा पुर्खाहरूले बनाएको नीति-नियमलाई धैर्यताका साथ पालना गर्नु नै अनुशासन हो । 'अनुशासन' शब्द संस्कृत स्रोतबाट आएको तत्सम् शब्द हो । 'अनुशासन' शब्द दुईवटा शब्दको मेल भएर बनेको शब्द हो - अनु र शासन । राज्य, संविधान, प्रकृति, धर्म, संस्कृति आदिको नियम 'शासन' हो भने ती नियमलाई पालना गर्नु अनुशासन हो अर्को शब्दमा भन्ने हो भने मानव कल्याणका लागि बनाइएको विविध क्षेत्रका नीति नियमहरूको पालना गर्नुलाई नै अनुशासन भनिन्छ ।

धार्मिक, राजनीतिक, सामाजिक, नैतिक आदि नीति-नियमको मर्यादाभित्र रहेर कार्य गर्नु नै अनुशासन हो । यस सन्दर्भमा लिखित र अलिखित दुवै प्रकारको सुन्दर गहना हो । जुन व्यक्तिमा अनुशासनरूपी गहना हुन्छ, ऊ सबैको आकर्षणको केन्द्र बन्छ । जसले त्यो मानिसलाई सभ्य, विनम्र, भद्र र एक सच्चा योग्य नागरिक बन्न मद्दत पुऱ्याउँछ ।

सृष्टिको सुरूवातदेखि नै अनुशासनका अस्तित्व थियो भन्ने कुरा प्रकृतिलाई हेरेर बुझ्न सकिन्छ । हावा, पानी, आगो, दिन, रात, जून, तारा, रूखबिरूवा सबै आ-आफ्नो नियममा रहेर काम गर्दछन् । जसरी सूर्य आफ्नो तीव्र प्रकाशलाई सकेसम्म फिँजाएर मन्द बनाउँदै सृष्टिको क्रमलाई अघि बढाउन लगातार प्रयत्नरत छ । चन्द्रमा आफ्नो प्रकाश छरेर सदैव शीतलता प्रदान गरिरहेको छ । हावा सम्पूर्ण जीवात्मामा प्राण भर्दै गतिमान छ, नदीहरू विना थकावट आफ्नो मार्गमा प्रवाहित भइरहेका छन् । आगोले बल्न बिर्सिएको छैन र सबै ग्रहहरू आ-आफ्नो कक्षमा निरन्तर विना विश्राम घुमिरहेका छन् । यसरी प्रकृति र प्रकृतिका काखमा खेल्ने स-साना जीवहरूले त अनुशासनमा बाँधिनु आवश्यक हुन्छ भने सृष्टिकै सर्वश्रेष्ठ उपज मानिने मानिसका लागि भन्ने यसको महत्व विस्तृत छ । अनुशासनका क्षेत्रहरू अनन्त छन् । व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्व यसका क्षेत्रहरू हुन् भने धर्म, संस्कृति, साहित्य, राजनीति, शिक्षा, व्यापार, खेल, मनोरञ्जन पनि यसका विविध क्षेत्रहरू हुन् ।

अनुशासन विद्यार्थीको महत्वपूर्ण गहना हो । जसरी हरियाली रूखबिरूवाले वातावरणलाई स्वच्छ, सफा र सुन्दर बनाइएको हुन्छ, त्यसरी नै अनुशासित विद्यार्थीले परिवार, समाज र राष्ट्रको शोभा बढाएका छन् । ज्ञान विज्ञानको क्षेत्र व्यापक बन्दै गएको आजको युगमा विद्यार्थीले अनुशासनमा रहेर एक्काइसौं शताब्दीका हरेक चुनौतीसँग प्रतिस्पर्धा गर्ने योग्यता हासिल गर्न अति आवश्यक छ । जसले आजको चुनौतीसँग परिचित भएर विद्याध्ययन गर्दछ, त्यसको जीवन सफल हुन्छ । यस सन्दर्भमा ठीक समयमा खाने, तोकिएको समयमा विद्यालय जाने, गुरूहरूले पढाएका कुरा ध्यान दिएर सुन्ने, दिएका गृहकार्य र कक्षा कार्यहरू नियमित रूपले गर्ने, गुरू र विद्यालयका नियमप्रति आस्थावान रहने विद्यार्थी जीवनमा सफल बन्छन् । त्यसैले विद्यार्थी जीवनमा समयको सही सदुपयोग अनुशासित भएर गर्न सक्नुपर्छ । विद्यालय र महाविद्यालयको शिक्षा पूरा गरेर जिम्मेवारीपूर्ण कर्तव्यपथमा प्रवेश गरेपछि पनि अनुशासनको आवश्यकतामा कमी हुँदैन बरू झन् बढ्दै पो जान्छ । तर जुन विद्यार्थीहरूले समयको सदुपयोग गर्दैनन्, बारम्बार गयल हुन्छन्, पढाईमा ध्यान दिँदैनन्, गुरूहरूलाई अनादर गर्छन् अर्थात् अनुशासनमा रहँदैनन्, उनीहरूको जीवन पछि गएर असफल बन्न सक्छ । त्यो विद्यार्थी परिवार, समाज र राष्ट्रकै भार भएर निस्कन्छ । त्यस्ता विद्यार्थीबाट कसैले कुनै पनि कुरामा आशा गर्नु बेकार हुन्छ । यसैले जुनसुकै क्षेत्र होस्, जुनसुकै युग होस्, अनुशासनमा नबस्ने मानिसले आफूलाई त बिचल्लीमा पार्छ पार्छ उसले परिवारलाई समेत अस्तव्यस्त बनाउँछ । यसबाट के स्पष्ट हुन्छ भने अनुशासनमा नबस्नु भनेको आफू, आफ्नो परिवार र समाज र राष्ट्रलाई पनि धोका दिनु हो । सुन्दर अनि एक योग्य नागरिक हुनबाट वञ्चित गराउनु हो ।

समाज अनुशासनको अर्को महत्वपूर्ण इकाई हो । प्रत्येक व्यक्तिले आ-आफ्नो समाजको नीति नियमलाई पालना गर्नुपर्दछ । राष्ट्र र विश्वकै साझा आ-आफ्ना नियमहरू हुन्छन् । ती नियमहरूलाई पालन गर्नु र गराउनु हाम्रो कर्तव्य हुन आउँछ । यदि हामीले समाज तथा राष्ट्रका



Downloaded from http://www.dhamma.digital

नियम कानुनहरू पालना गऱ्यौं भने हामी समाजमा इज्जतपूर्वक बाँचिरहेका हुनेछौं । नियम भन्दा बाहिर जाने प्रयास गऱ्यौं कि त राज्यका तर्फबाट दण्डित भइन्छ । यसपछि समाजमा आलोचना र हेलाभावको शिकार बन्नुपर्छ । शिक्षक तथा विद्यार्थीले शिक्षा क्षेत्रको नियम उल्लंघन गर्दा सिंगो शैक्षिक जगत अस्तव्यस्त बन्न सक्छ । अर्थ जगतमा अनियमितता र भ्रष्टाचार भए राष्ट्र कंगाल हुन्छ । धार्मिक जगत्मा अनुशासन भएन भने भाषा अधोगतितर्फ धकेलिन्छ । राजनीतिमा अनुशासन भएन भने राष्ट्रियता खतरामा पर्छ । प्रजातन्त्र र मानवअधिकार अँध्यारो कोठरीमा बास बस्न पुग्छन् । जनताले हरेक पल असुरक्षाको अनुभव गरिरहेको स्थिति आउन सक्छ ।

अनुशासनको तुलना यस्तो वृक्षसँग गर्न सकिन्छ, जसको अभावमा हाँगाहरू जताततै असरल्ल परेर लत्रिरहन्छन् । अनुशासन जीवनलाई निश्चित मार्ग प्रदान गर्ने खोलोको घाट पनि हो । जसको अभावमा मानिस पङ्खविहीन पक्षीजस्तै हुन्छ । यसैले अनुशासन मानिसको सुन्दर अनि महत्वपूर्ण गहना हो । यसरी जीवनका हरेक पक्षसँग साक्षात् सम्बन्ध राख्ने अनुशासनलाई नस्वीकार्नु भनेको आफ्नो खुट्टामा आफैले बञ्चरो हान्नु जस्तै हो । यस गहन तथ्यलाई राम्ररी बुझी हामी सबैले अनुशासनमा बस्ने बानी बसाल्नुपर्छ ।

अनुशासन मानव जीवनका निम्ति अति महत्वपूर्ण कुरा हो । यसले मानिसलाई सुख शान्तिपूर्वक बाँच्न र मर्यादित रूपमा रहन सिकाउँछ । अनुशासन सिक्दै जाँदा सिकिने र गर्दै जाँदा बसालिने बानी हो । हामीले सधैं अनुशासित हुनु अति आवश्यक कुरा हो । अनुशासनले शारीरिक, मानसिक विकास गराउँछ । यसबाट हाम्रो चरित्रको निर्माण हुन्छ । हामी भविष्यमा महान हुनसक्छौं । यसैले जीवनको सफलता र उच्चता अनुशासनमा निर्भर रहन्छ । वास्तवमा अनुशासनविना कुनै पनि व्यक्ति, परिवार, समाज र राष्ट्रले दिने विमनस गर्न सक्दैन, त्यसकारण हरेक व्यक्ति, परिवार, समाज र राष्ट्रले दिगो विकास गर्न सक्दैन, त्यसकारण हरेक व्यक्ति, परिवार, समाज र राष्ट्रलाई अनुशासनको दायराभित्र रहन अति आवश्यक छ । त्यसैले हामी सबैले अनुशासनको पालना गरौं र गराऔं । ■

# अनन्त ज्योतिः – ३

**भद्धेय भिक्षु सिङ युनका धर्मचिन्तन**

**अनुवाद– देवकाजी शाक्य**

३१

- सुखी बुद्ध बन्नको लागि सुखी हुन सिक ।
- निश्चिन्त बुद्ध बन्न निश्चिन्त हुन सिक ।
- सहिष्णु बुद्ध हुन सहिष्णु बन्न सिक ।
- मैत्रीय बुद्ध हुन मैत्रीपूर्ण बन्न सिक ।

३२

- आमाबाबुबीच झगडा पर्दा केटाकेटीहरूलाई चोट पर्छ ।
- केटाकेटीहरू झगडा गर्दा आमाबाबुलाई दुःख हुन्छ ।
- कामदारहरूबीच झगडा पर्दा व्यवसायमा घाटा लाग्छ ।
- नागरिकहरू असन्तुष्ट हुँदा राष्ट्रलाई नोक्सान पुग्छ ।

३३

- धर्मपरायणतामा काम गर ।
- सहिष्णुतामा रही बोल ।
- मैत्रीपूर्ण बन र विवेकपूर्ण ढङ्गले अरूसँग व्यवहार गर ।
- आफूसँग भएको भन्दा बढी खर्च नगर ।

३४

- आइपर्ने कठिनाइसँग नडराऊ - भयलाई उच्छिन्न खोज ।
- थकाइसँग नडराऊ - अघि बढ्दै जाऊ ।
- खतरासँग नडराऊ - साहसी बन ।
- मृत्युसँग नडराऊ - मौका छोप ।

३५

- व्यवसायको सफलताको लागि अरूसँगको सद्भावना आवश्यक हुन्छ ।
- सामञ्जस्यताको लागि आपसी सम्मान र आदरभाव आवश्यक हुन्छ ।

३६

- ज्योतिषी र जोखना हेर्नेको सल्लाह लिनुभन्दा चित्तलाई परिष्कृत गर्नु, नैतिक सिद्धान्त र मूल्यमान्यताहरूलाई जोड दिनु, विवेकशील बन्नु र सत्यलाई विश्वास गर्नु, धेरै राम्रो हुन्छ ।

क्रमशः

# नाता

■ लक्ष्मीदेवी पौडेल, शिक्षक बाल सेवा मा.वि

प्राणी जगतमा सर्वश्रेष्ठ प्राणी मानिस हो । त्यसैले मानिसको पहिचान वा विशेषतालाई चिनाउने विभिन्न माध्यमहरू हुन्छन् । ती मध्ये सबैभन्दा सजिलो माध्यम नाता हो । मानिस चेतनशील र सामाजिक प्राणी भएकोले जीवनमा अनेक किसिमका व्यवहारीक क्रियाकलापहरू गर्नुपर्ने हुन्छ । यसको लागि मानिसले घर परिवार, इष्ट मित्र, छिमेकी, व्यक्तिगत साथी आदिलाई अनेक किसिमबाट वा भनौं जन्मदेखि नै नाता लाग्दै आएको हुन्छ । नाता यस्तो शब्द वा सम्बन्ध हो जो नचाहँदै पनि यथावत नै रहेको हुन्छ । जुनसुकै क्रियाकलापमा पनि नाता सम्मिलित भइरहेको हुन्छन् । एकै छिनको चिनजानमा पनि कुनै न कुनै नाता लगाइएको हुन्छ जस्तो-दाई-भाई, दिदी-बहिनी साथी आदि त्यसैले मानिसको लागि नाताको महत्व ठूलो छ ।

नाताको कुरा गर्दा सबैभन्दा नजिकको नाता बुवा-आमा र छोरा-छोरीमा हुन्छ । विशेष गरी छोराछोरीको लागि आमाले ठूलो त्याग गरिरहेकी हुन्छिन् जसरी काँडाको बोटमा पनि फूल सुरक्षित रहन्छ, त्यसै गरी अनेक किसिमका अप्ठ्यारा परिस्थितिमा पनि आमाले आफ्ना छोरा-छोरीलाई अपार माया दिएर हुर्काएकी हुन्छिन् । उचीत शिक्षा र उज्वल भविष्यको बारेमा पनि आमालाई चिन्ता भइरहन्छ । त्यसैले बच्चाहरूलाई सानैदेखि अनुशासनको पाठ पनि सिकाइरहेकी हुन्छिन् । सबैभन्दा असल आफ्नै छोराछोरी होउन् भन्ने चाहना प्रत्येक आमामा हुन्छ । छोरा-छोरी असल मानिस बनिदिए आफूले ठूलो प्रगति गरेको उनी सम्झन्छिन् । यही प्रगतिको लागि छोरा-छोरीलाई सधैं आशीर्वाद दिइरहेकी हुन्छिन् । मुखले गाली गर्दा पनि मनमा रत्तिभर इर्ष्या नराख्ने यस्ती आमालाई हँसाउनु प्रत्येक छोरा छोरीले आफ्नो कर्त्तव्य ठान्नुपर्दछ ।

जब छोरा-छोरीको विवाह हुने क्रममा छोरी पराई घर जान्छे, छोराको विवाह गरी बुहारी भित्र्याइन्छ । बुहारी भित्र्याउँदाको हर्षोल्लास ज्यादै उच्च हुन्छ । यसक्रममा पनि आमा आफूले ठूलो योगदान गरेको वा आफू सफल भएको महसुस गर्छिन् । तर जब बुहारी भित्र्याइन्छ । आमा आमामात्र नभएर सासु पनि हुन्छिन् । ती आमा सासु बनेको हर्षले हो वा भित्रीएकी बुहारीले यी त मेरी आमा होइनन् किन मैले यिनलाई मानमर्यादा गर्नु ? शुरू देखि अलि-अलि हेपाहा व्यवहार गऱ्यो भने त्यही बानी बस्छ । मैले सासुको मर्यादामा बसेर काम गर्नु (दबिनु) पर्दैन भन्ने सोचेर हो खै किन हो । सासु र बुहारीको मिलन भएको समय देखि नै अलि अलि गरेर मनमुटाब उत्पन्न हुन्छ र विस्तारै यो क्रम बढ्दै गएर घर-परिवार, टोल छिमेकमा समेत यो हावा चलेको हुन्छ । अनि सासु पक्षकाले बुहारीलाई मन नपराउने स्थिति सम्म पैदा हुन्छ । यसको मुख्य असर त्यस घरको पुरूषलाई खास गरी छोरालाई परेको हुन्छ । किनभने आमा आमा नै हुन् जसलाई छोराले गाली गर्नु पनि उचित ठहर्दैन उता बुहारी जो आफ्नी श्रीमती उसलाई राम्रो माया र संरक्षण दिने वचनमा विवाह गरी ल्याएको हुन्छ र श्रीमान-श्रीमती भनेको एक रथको दुई पाङ्ग्रा हुन् भन्ने पनि त्यो छोराले बुझिसकेको हुन्छ ।

यस स्थितिको कारणले गर्दा त्यो पुरूषलाई आमा र श्रीमतीमा भएको मन मुटाव हटाउन गाह्रो परेको हुन्छ । त्यसकारण सासु-बुहारी आफैंले स्थायी पराइ होइनौं । हामीमा पनि नाता लागि सकेको छ । यो नाता छुटाएर छुट्ने होइन यसलाई बलियो बनाउनुपर्छ भन्ने भावना सासु र बुहारी दुवैमा जागृत हुन सके यो समस्या विस्तारै हट्दै जान्छ ।

अहिले सम्मको सासु बुहारीको तुलना गर्दा धेरै जना बुहारी भएकोले कतिपय सासुले दाइजो, शिक्षा र कुल घरानलाई लिएर भेदभाव गरेकोले यो मनमुटावको स्थिति उत्पन्न भएको पनि हुन सक्छ । तर अब आउँदा दिनहरूमा थोरै सन्तानका कारण बुहारी पनि थोरै हुन्छन् । अबका सासु बुहारी दुवै शिक्षित हुन्छन् । त्यसैले अब (नाता) बन्ने सासु-बुहारीको व्यवहारमा माया र आदरको कमी हुनु हुँदैन । अहिलेको परिवेशमा नारी शिक्षा र नारी जागरणको यो पनि ठूलो देन वा ठूलो उपलब्धी हुनेछ । ■

"मूर्खको बुद्धि अनर्थ गर्ने हुन्छ, मूर्खले आफ्नो मूर्खताको कारण आफ्नो सुख हुने भविष्यलाई आफ्नै शिर फोरे झैं गरेर बिगार्दछ ।"
"पापी मित्र र अधर्म पुरुषको संगत नगर, कल्याण मित्र र उत्तम पुरुषको सत्संगत गर ।" – धम्मपद



Downloaded from http://www.dhamma.digital

# बौद्ध दर्शनका मान्यता

■ श्याम रिमाल

लुम्बिनीमा जन्म लिएर संसारमा आलोक फैलाई संसारकै बन्न पुगेका एसियाका प्रकाश गौतमबुद्धको जनमस्थलबारेको भ्रम संसारमा अझै भइरहनुमात्र होइन, उनको खास दर्शन र उनका उपदेश के हो भन्नेबारेमा पनि अझै प्रशस्त द्विविधा रहेको पाइन्छ । सिद्धार्थ २९ वर्षको उमेरमा घर (दरबार) छोडेर जानुका कारणबारे पनि मतैक्य छैन । रोगी, बूढो, शव र साधु देखेकाले वैराग्य उत्पन्न भई उनले घर छोडेको कथा त प्रचलित नै भए पनि शाक्य र कोलीयबीच रोहिणी नदीको पानी बाँडफाँड सम्बन्धमा दुई गणराज्यबीच लडाइँ हुन लागेकाले बाध्य भइ घर छोड्नुपरेको कारण हो भन्ने तर्कसँग चाहिँ कमै परिचित होलान् ।

जे होस् ६ वर्षसम्म शरीरलाई दुःख दिएर भोकै बसी तपस्यामा लीन हुँदा पनि कुनै ज्ञान प्राप्त नभएको बरू मृत्युसम्मुख पुगेका सिद्धार्थ गयाको निरञ्जना नदीको किनारमा तपस्या गर्दा उरूवेलाका सेनानीकी छोरी सुजाताले दिएको खीर भोजनपछि पाँचवटा सपना देखेका थिए जसले उनको बोधिप्राप्तिको संकेत गरेका थिए । चार साता चित्तको एकाग्रता र दृढतापछि उनले पाएको सत्य अर्थात् नयाँ प्रकाश थियो- संसारमा दुःख छ, कसरी त्यसको अन्त्य गरी मानवजातिलाई सुखी बनाउने ।

बुद्धले त्यो सत्यलाई चतुआर्य सत्य नामकरण गरे- दुःख छ, दुःखको कारण छ, दुःख हटाउन सकिन्छ, दुःख हटाउने उपाय छन् । त्यो नै सम्यक् सम्बोधि थियो । सम्बोधि प्राप्त गरी बुद्ध भएको सिद्धार्थ त्यस अघि बोधिसत्व थिए भनिन्छ । बुद्ध हुन प्रयत्नशील रहने प्राणी नै बोधिसत्व हो ।

बुद्धका अनुसार जन्म, मृत्यु, रोग, बुढौली प्रियजनसँगको विछोड, अप्रियजनसँगको भेट र भौतिकवस्तुमा हुने आसक्ति नै दुःख हो र जन्मको तृष्णाले जन्म भइरहनु र तृष्णा भइरहनु नै दुःखका कारण हुन् ।

बुद्धपूर्व संसारको उत्पति कसरी भयो, केबाट भयो, केमा विलीन हुन्छ भन्ने मत व्याप्त थियो, समाज ब्राह्मण क्षेत्री, वैश्य र शूद्रमा बाँडिएको थियो । ब्रह्म र आत्माको चर्चा थियो । उनका समकालीनमा आत्मामाथि कुनै पनि प्रभाव नपर्ने अक्रियावाद, नियतिवाद, उच्छेदवाद (सम्पूर्ण नाशवाद), अन्योन्यवाद, सन्देहवाद र महावीरको आत्माको पुनर्जन्मजस्ता चातुर्याम-संवरवाद प्रचलित थियो । निराशावादी तथा खराब-असल परिणामबाट उदासीन ती मतलाई बुद्धले अस्वीकार गरे, नयाँ मार्ग खोजे र दिए ।

बुद्ध आफू को हो र कहाँबाट आएको भन्ने झन्झटमा फस्न चाहेनन्, उनले ईश्वरलाई मानेनन् र आत्मा र मोक्षको सिद्धान्त स्वीकारेन् । बरू मन नै सर्वेसर्वा हो भन्ने माने । पाप कर्मबाट विमुख हुनुपर्छ भने र धार्मिक पुस्तक पढ्ने होइन, धार्मिक जीवन बिताउने शिक्षा दिए । यो नै उनको दर्शनको विशेषता थियो । ईश्वर र आत्मा नमान्ने उनको दर्शन तत्कालीन समाजमा क्रान्तिकारी थियो । न काम भोगको जीवन, न कायक्लेशको जीवन-बरू मध्यममार्ग थियो ।

उनले वाराणसीको सारनाथ इसिपत्तनको मृगदायमा बसेका आफ्ना पुराना साथी, जसले सिद्धार्थ भोजनको भर गर्न लागेकामा छोडेर गएका थिए, पञ्चभद्रवर्गलाई नै आफ्नो ज्ञानको पहिलो उपदेश दिएका थिए । उनले आफ्नो सद्धर्ममा ईश्वर (परमात्मा) र आत्मासँग, मृत्युपछिको जीवन र कर्मकाण्डसँग कुनै सरोकार नभएको बरू पृथ्वीमा मानिस नै केन्द्रबिन्दु भएको बताए । संसार दुःखले भरिएको र मानिस पनि दुःखी भएकाले दुःखको विनाश नै आफ्नो धर्मको आधारशिला हो भन्दै उनले पञ्चशील (चरित्र) को मार्गबाट दुःख निरोध गर्न सकिने धर्म आफूले आविष्कार गरेको बताएका थिए । मानिसले पहिले आफूलाई असल बनाउन पवित्रताको पथ अर्थात् पञ्चशील पालन गर्नुपर्छ भन्दै प्राणी हिंसा नगर्नू, चोरी कार्यनगर्नु, व्यभिचार नगर्नू, झूटो नबोल्नू र नशालु चीज नखानू भन्दै दुःख निरोधका लागि अष्टांगिक मार्गको उपदेश पनि दिएका थिए । आर्य अष्टांगिक मार्गमा सम्यक दृष्टि (सत्विश्वास), सम्यक् संकल्प (सही अठोट), सम्यक् वाणी (सत्यवचन), सम्यक् कर्मान्त (सत्कार्य), सम्यक् आजीविका (चोखो जीविका), सम्यक् व्यायाम (सच्चा प्रयास), सम्यक् स्मृति(सही होश) र सम्यक् समाधि (साँचो एकाग्रता) पर्छन् । बुद्धले शील (नैतिकता), दान, उपेक्षा, नैष्कम्य (सांसारिक कामभोगको त्याग), वीर्य (सामर्थ्य), शान्ति, सत्य, अधिष्ठान (निर्दिष्ट नियम), करूणा र मैत्रीको अभ्यासका लागि शीलमार्गबारे व्याख्या गरे ।

बुद्धको सो मार्ग वा दर्शन नयाँ थियो । मानवीय दु:खको पहिचान नै धर्मको वास्तविक आधार हो र संसार मा दु:खको निवारण गर्नु नै धर्मको वास्तविक उद्देश्य हो भन्ने शिक्षा संसारको इतिहासमा त्यसपहिले कुनै पनि धर्मका संस्थापकले दिएका थिएनन् । मोक्ष वा मुक्ति वा सुख वा निर्वाण यही जीवन व्यतीत गर्नाले यसै पृथ्वीमा प्राप्त गर्न सकिने उनको दर्शन नौलो नै थियो ।

असी वर्षको उमेरसम्म उपदेश दिएर निर्वाण प्राप्त गरेका बुद्धका चेला संसारमा अहिले लाखौं छन् उनकै कालमा पिता शुद्धोधन, माता प्रजापति, पत्नी यशोधरा र छोराले पनि प्रव्रज्या ग्रहण गरेका थिए । अंगुलीमालजस्तो डाँकु र प्रकृति चाण्डाल्नीसमेत उनीद्वारा दीक्षित हुनसकेका थिए । अहिलेको राजनीतिमा पनि मध्यममार्ग सही मार्ग मानिन्छ र उनको पञ्चशील कूटनीतिमा पनि प्रयोग भइ आएको छ (चीन-भारत सम्बन्ध, नेपाल-चीन सम्बन्ध आदि) । कार्ल मार्क्सले संसारमा शोषण भएकाले वर्गसंघर्षका माध्यमबाट साम्यवाद स्थापना गर्ने दर्शन दिए भने गौतमबुद्धले व्यक्तिव्यक्तिले आफ्ना दु:ख हटाउनसके साम्यवाद आउनसक्ने मार्ग देखाएका थिए भन्न सकिन्छ ।

अत्ता हि अत्तनो नाथो, कोही नाथो परोसिया (आफ्नो मालिक आफैं हो) कसैले भनेको भरमा वा पुस्तक पढेको भरमा केही ग्रहण गर्नुभन्दा त्यसलाई आफैंले परीक्षण गरी प्राप्त सत्यमा मात्र विश्वास गर्नु भनेर बुद्ध स्वयंले आफूलाई पनि परीक्षण गर्नु भनेर बुद्ध स्वयंले आफूलाई पनि परीक्षण गर्न शिष्यहरूलाई आह्वान गरेका थिए, न कि उनलाई धर्मगुरूका रूपमा पुज्न । ईश्वर नमान्ने र मूर्तिपूजाको विरोध गर्ने बुद्धको शिक्षा शील, समाधि र प्रज्ञाका अभ्यासबाट अघि बढाउन सके त्यही निर्वाण हो, लक्ष्य हो र प्राप्ति हो । बौद्धदर्शनको यथार्थ ज्ञान र प्रज्ञा हासिल गर्ने व्यक्तिबाट हिंसा, क्रोध, प्रतिशोध, ईर्ष्या, द्वेष, मोह, मान र मात्सर्य आदिलाई परिपोषित हुने काम गरिने-गराइने दूषित प्रवृत्ति स्वत: कम हुँदै जाने अपेक्षा गर्न सकिने भएकाले व्यक्ति, गाउँनगर मात्र होइन, राष्ट्र र विश्वमै शान्ति स्थापना र विश्व भ्रातृत्वको प्रवर्द्धन हुनेमा विश्वास गर्न सकिन्छ र बुद्धका मूर्तिमात्र बनाउने र फूल अक्षताले पूज्ने होइन, विद्यालय, कलेज र विश्वविद्यालयका पाठ्यक्रममा बौद्धदर्शनलाई राखेर बुद्धका आधारभूत ज्ञानको अध्ययनअध्यापन गर्नु आवश्यक छ । राजनीतिज्ञहरूले पनि बौद्धदर्शनलाई सामान्य भाषण र प्रवचनभन्दा व्यवहारमा प्रयोग गरेर देखाउनु जाती हुने थियो । ■

## भिन्तुना दु !

■ सुभद्रा स्थापित

भिन्तुना ! भिन्तुना !! भिन्तुना !!!
बौद्ध जगतय् योग्य श्रद्धेय धम्मवती गुरुमांयात
भिन्तुना देछाना च्वना ।
बौद्ध धर्मयक पूसा न्ह्याःगु पूसा ।
दु:ख मताःन्ह्य च्वंपि हे सा ।
जिर्जंगु धासयूत नवपोल जक दुसा ।
न्ह्याबलय्नं तिमिलाया प्र: पै तेज जास्ह ।
पुण्यगु धासयूत वसपोल जक दुसा ।
ध्यय् न्ह्याःगु फ: -फ: धागु थनेदुम्ह ।
वसपोलया उपदेश न्यनिबलय् ।
दु:ख जागु जुग: न सुख हे ताइगु ।
उकिं वसपोलया गुणत अति महान ।
धम्मलाल भायान वसपोलयात सदा सदा ।
रक्षा व दिर्घायुया कामना यन ।
'भवतु सब्ब मंगलं'

## तथागत लुमंका

■ [illegible]

[illegible] तथागतया,
[illegible] जीवनया,
अलौकिक उपलब्धी मूल आशय,
ज्यासना जीवन पर्यन्त हृदयया ॥

तर तथागत जि अलमल जुल,
सम्यक मिथ्याया तिम्नाय [illegible]
मादक पदार्थ व मांसाहारी [illegible]
कथ कोलाहल अति हारे [illegible]

जीवन शीलयाग ह्यायले जुल,
ल्याय्‌पागु ला जि बाछुनय् मफया,
कुत: मात्र जगु आस्वासा आगिसया,
शैल्यु तथागत जक तयाल्यु घया: ॥

जन्म महायान संस्कार जुया
बौद्धिकता पेरयात जि यनेया
अन्योल ध्व मन स्वतुमत [illegible]
पूर्ण जीवन अल्पीलयात देछाना ।



Downloaded from http://www.dhamma.digital

# दाउरे र कुखुरा

■ केदार शाक्य



कुनै योटा गाउँमा एकजना दाउरे थियो । जंगलबाट दाउरा ल्याउँथ्यो । बजारमा बेचेर आफ्नो जीविका चलाउँथ्यो । जहान परिवार पाल्दथ्यो । एकदिन उसले जंगलबाट दाउरा बटुलेर घर फर्किने बेलामा बाटो भुल्यो । रूखको छहारीमा दाउराकै सिरानी लगाएर सुत्ने तरखर गर्दै थियो । जुन रूख मुनि छहारीमा दाउरे बास बसेको थियो त्यही रूखको हांगामा कुखुराहरू पनि वास बसेका थिए ।

बिहान सबेरै माथिल्लो हांगामा बासबस्ने कुखुराले बिस्टयाउँदा तल्लो हांगामा बस्ने कुखुराको शरीरमा खस्यो । तल बास बस्ने कुखुराले माथि बस्ने कुखुरालाई सोध्यो– "मेरो शरीरमा बिष्टा खसाउने को हौं ?"

माथिबाट आवाज आयो– "मैले खसाएको ।

तल बस्नेले फेरि सोध्यो– "किन खसाएको त ?"

माथिबाट आवाज आयो– "असावधानीले गर्दा खस्योहोला ।"

एकैछिनपछि फेरि विष्टा खस्यो । अनि त उनीहरूको झगडा सुरू भइहाल्यो ।

"तँसँग कति बल छ भनेर फुर्ती गर्छस् ए साले ?"एउटाले भन्यो ।

अर्कोले भन्यो– "तँसँग : पनि कति नै बल छ र फूर्ती गर्छस् ए साले ?"

तल बास बस्ने कुखुराले भन्यो– "मलाई मारेर मेरो मासु आगोमा पोलेर खानेवालालाई बिहान सबेरै एक हजार रूपियाँ प्राप्त हुन्छ । तँलाई के थाहा छ ?"

माथि बास बस्नेले भन्यो– "तँ यतिमा नै घमण्ड नगर बुझिस् । मेरो स्थूल मासु खानेवाल राजा हुन्छ । बाहिरको मासु खानेवाल सेनापति हुन्छ । यदि आइमाई भए पटरानी हुन्छे । अनि मेरो अस्थिमासु खानेवाला गृहस्थ भए खजान्ची हुन्छ । भिक्षु भए राजकुलको विश्वासपात्र हुन्छ । तँ भन्दा म के कम बुझिस् ।"

तल रूखको फेदमा बासबस्ने दाउरेले उनीहरूको सबै कुरा ध्यान दिएर सुन्यो । उसलाई के खोज्छस् कानो आँखा भने जस्तै भयो । मनमनै विचार गर्नथाल्यो । जब राज्य नै पाइन्छ भने त्यो जावो एक हजार रूपियाँको के कुरा ? उसले बिस्तारै रूख चढेर माथि बासबस्ने कुखुरालाई समायो । मारेर पोल्टामा बाँध्यो ।

दाउरे राजा बन्ने सपना देख्दै घरमा आयो । कुखुराको छाला काढ्यो । भित्रीभाग सफा गऱ्यो । पत्नीलाई राम्रोसंग पकाउ है भनी दियो । मासु पाकेपछि पत्नीले भातको थालमा कुखुराको मासु राखेर दाउरेको अगाडि ल्याइदिई ।

पत्नीले भनीन्– "स्वामी ! खाना तयार भयो खानुहोस् ।"



"प्रिय ! एकै छिन् पर्ख है । यो मासु साह्रै प्रभावशाली छ । यो खाएर म राजा बन्नेछु अनि तिमी पटरानी हुने छौ । मासु भात लिएर गंगा किनार मा जाउँ । नुहाई धुवाई गरेर मात्र खाऔंला भनी दाउरेले पत्नीलाई भन्यो ।

ऊ मासु भातको



भाँडा नदी किनारमा राखेर नुहाउन पानीमा पस्यो । त्यही बेला हुरी बतास चलेर मासु भात भएको भाँडा नदीको छालले बगाएर लग्यो । नदीको छालले बगाएर लगेको भाँडा हात्तीलाई नुहाइदिने यौटा ठूलो हात्ती आचार्यले देख्यो । उसले भाँडालाई पानीबाट बाहिर निकालेर के रहेछ भनी खोलेर हेर्न लगायो ।

त्यसभित्र कुखुराको मासु र भात देखेर फेरि भाँडा बन्द गर्न लगायो । त्यसका छाप लगाएर आफ्नी पत्नीकहाँ पठायो । जबसम्म हामी आउने छैनौं तबसम्म नखोल्नु भन्ने सन्देश पनि पठायो ।

उता दाउरे चाहिं मुखमा बालुवा र पानी भरिएर पेट फुलेकोले त्यहाँबाट ज्यान बचाएर भाग्यो ।

हात्ती आचार्यको एकजना दिव्याचक्षु ज्ञान भएको तपस्वी मित्र थियो । उसले विचार गरिरहेको थियो । उसको सेवक मित्रलाई हात्तीको सेवा टहलबाट कहिले छुटकारा मिल्नेहोला भनी मनमनै विचार गरिरहेको थियो । उसलाई धन सम्पत्ति कहिले मिल्नेहोला भन्ने चिन्ता लागिरहेको थियो । दिव्यचक्षुले विचार गरिरहेको बेला उसले सबै कुरा थाहा पायो र आचार्य फर्कनु भन्दा पहिले नै उसको घर गएर बसिरह्यो ।

हात्ती आचार्यले तपस्वीलाई प्रणाम गर्‍यो । एक छेउमा बसेर तपस्वी मित्रलाई पनि मासु र भात पस्किदेउ भनी पत्नीलाई अह्रायो । तपस्वीले भातको थाल लियो । मासु चाहिं म बाँडछु भनी लियो । तपस्वीले स्थूल मासु आधा हिस्सा गरेर आचार्यलाई दियो । बाहिरको मासु उसकी पत्नीलाई र अस्थी मासु आफैले खायो ।

भात खाइवरी जानेबेलामा तपस्वीले भने– "आजको तीन दिनमा तिमी राजा हुन्छौ । उत्ताउलो नगरी बस ।"

तेस्रो दिन अर्को देशको सेनाले आफ्नो देशको राजालाई घेरा हाले । राजाले हात्ती आचार्यलाई राजकीय भेषभूषा लगाई हात्तीमा चढाएर शत्रुसँग लडाई गर्न पठाए । राजा आफू पनि छद्‍म भेषमा सेना संचालन गर्न लागेको बेला यौटा तीर आएर छातीमा लाग्यो र राजाको त्यहीं देहान्त भयो ।

हात्ती आचार्यले राजा मरेको थाहा पाएपछि उसले राजदरबारबाट थुप्रै धन मगायो । जसलाई धनको खाँचो छ उसले शत्रुसंग लडेर शत्रुलाई भगायो भने थुप्रै धन पाउनेछ भनी उर्दी लगायो । मानिसहरू सबै मिलेर केही बेरमा नै शत्रुपक्षको राजालाई मारे । लडाई सकियो ।

अमात्यहरूले कसलाई राजा बनाउने भन्ने बारेका सल्लाह गरे । उनीहरूले यौटा निर्णय लिए । राजाले शत्रुसँग लडाईको बेला हात्ती आचार्यलाई आफ्नो भेष लगाउन दिएका थिए । फेरि यिनैले शत्रुसँग लडाई गरेर शत्रुलाई लडाईमा हराए । यिनैलाई राजा बनाउनुपर्छ भनी सर्वसम्मतिले हात्ती आचार्यलाई राज्याभिषेक गरेर राजा बनाए ।

अमात्यहरूले हात्ती आचार्यको घरमा गई उसकी पत्नीलाई सम्मानसाथ राजदरबार ल्याएर पटरानी बनाए । त्यसपछि आकाशवाणि भयो– "अभागी मानिसहरू धनको संग्रह गर्न बढी उत्सुक हुन्छन् त्यसलाई भाग्यमानीहरू नै उपभोगमा ल्याउँछन् सबैतिर अन्य प्राणीहरूलाई छाडेर पुण्यवान् प्राणीलाई नै भोग प्राप्त हुन्छ । त्यसैले सबै प्राणीहरूका लागि पुण्य बाहेक अर्को उपाय छैन । पुण्यवान्‌को लागि रत्न पैदा हुन्छ । यो पुण्य देवता र मानिसको सबै कामना पुरा गर्ने खजाना हो । यसले सबैको इच्छा पुरा हुन्छ ।" ■



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## पूज्य धम्मवती गुरुमां ७५ वर्ष पूरा भएको सम्झौतावटा उपलक्ष्यमा साप्ताहिक अभिधर्म पाठ एवं अन्य विविध कार्यक्रमहरू सम्पन्न

*२०६६ असार १८-२५ गते ।*
*स्थान- धर्मकीर्ति विहार, श्रीघ: न:घ: ।*

पूज्य धम्मवती गुरुमां ७५ वर्ष पूरा हुनुभई ७६ औं वर्षमा प्रवेश गर्नु भएकी छ । यही उपलक्ष्यमा उहाँको सुस्वास्थ्य निरोगी एवं दीर्घायू कामना गरी धर्मकीर्ति विहारमा मिति २०६६ असार १८ गते देखि २५ गते सम्म भिक्षु महासंघको तर्फबाट विहान ७ बजे देखि ९ बजेसम्म साप्ताहिक अभिधर्म पाठ एवं धर्मदेशना र असार २५ गते वज्रयानी गुरूजु र गुरुमांहरूको तर्फबाट वज्रयानी पाठ सम्पन्न गरिएको थियो । यसको विस्तृत विवरण यसरी रहेको छ ।



*भन्तेहरूको तर्फबाट साप्ताहिक अभिधर्म पाठ हुँदै गरेको दृश्य*

**१. साप्ताहिक अभिधर्म पाठ एवं वज्रयानी पाठ र जलपान, भोजन**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | १८ | धम्मसंगिणी | बर्मी सयादो उ कुण्डल | धम्मवती गुरुमां | ललीता, कालिमाटी |
| २ | १९ | विभंग | भिक्षु अश्वघोष | चमेली गुरुमां | लक्ष्मीतानी पुच, ध.की. |
| ३ | २० | कथावत्थु | भिक्षु कुमार काश्यप | कमला गुरुमां | शोभा श्रेष्ठ |
| ४ | २१ | धातुकथा | भिक्षु शोभित | अनोजा गुरुमां | पुर्ना पुच:, ध.की. |
| ५ | २२ | पुग्गल पञ्ञत्ति | भिक्षु धर्मगुप्त | मिर्ज पुच. ध.की. | कीर्ति मैया पुच:, ध.की. |
| ६ | २३ | यमक | भिक्षु निग्रोध | धम्मविजया गुरुमां | पूर्णहीरा पुच:, ध.की. |
| ७ | २४ | पट्ठान | भिक्षु कोण्डञ्ञ | कुशुम गुरुमां | अष्टमाया पुच:, ध.की. |
| ८ | २५ | वज्रयानी पाठ | बद्री गुरूजु | चम्पा पुच: ध.की. | न्हू पुच:, ध.की. |

**२. वज्रयानी गुरूजु एवं गुरुमांजुहरूको तर्फबाट मंगल पाठ वाचन–**

*२०६६ असार २५ गते ।* यस दिन बद्री गुरूजु लगायत अन्य ४ जना गुरूजुहरू र चन्द्रा गुरुमांजु लगायत अन्य ४ जना गुरुमांजुहरू समेत गरी जम्मा १० जना गुरूजु गुरुमांजुहरूको तर्फबाट मंगल पाठ गरी धम्मवती गुरुमांको मंगल कामना गरिएको थियो ।

**३. धर्मकीर्ति प्रकाशित पुस्तक वितरण कार्यका टोली प्रमुखहरूलाई उपहार वितरण–**

*२०६५ असार २५ गते ।* यसदिन दिउँसो धर्मकीर्ति विहारबाट प्रकाशित पुस्तकहरू वितरण कार्यक्रमका जम्मा ५६ जना टोली प्रमुखहरूलाई धम्मवती गुरूमांले आफ्नो ७५ वर्ष-पूरा भएको जन्मोत्सवको उपलक्ष्यमा उपहार वितरण गर्नुभएको थियो ।

स्मरणिय रहेको छ, यसरी धर्मकीर्ति विहारबाट प्रकाशित ज्ञानवर्द्धक पुस्तकहरू पाठकवर्गहरुलाई सदस्य बनाई वितरण कार्यमा सहयोगी रहनु भएका टोली प्रमुखहरूलाई धम्मवती गुरूमांले हरेक वर्ष यसरी नै उपहार प्रदान गर्दै आउनु भएकी छ । यस कार्यक्रममा कर्णकुमारी चुच:को तर्फबाट जलपान दान गरिएको थियो ।

**४. धर्मकीर्ति ज्ञानमाला भजनको सिडि विमोचन र ज्ञानमाला भजन–**

*२०६६ असार १८ गते ।* धम्मवती गुरूमांको ७५ औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति ज्ञानमाला भजनको तर्फबाट उहाँको शुभकामना गर्दै धर्मकीर्ति भजनमाला सि.डि.नं १ र २ प्रकाशन गरिएको थियो । उक्त सि.दि. यसदिन धम्मवती गुरूमांबाट विमोचन गरिएको थियो । अभिधम्म पाठको प्रथम दिन सम्पन्न भएकी उक्त कार्यक्रममा वर्मी राजदूतले पनि भाग लिनुभएको थियो ।

यस कार्यक्रमका प्रमुख अतिथीको रूपमा रहनुभएको बर्मी राजदूतले भजन गाउँमु हुने गायक गायीका एवं सि.डि प्रकाशनार्थ सहयोग गर्नुहुने सहयोगीहरूलाई बर्मी राजदूतको तर्फबाट धर्मकीर्ति भजनको स्मृति चिनो र सि.डि. एक एक थान पुरस्कार स्वरूप प्रदान गरिएको थियो । ध.ज्ञा.भ. का कोषाध्यक्ष श्याम मान वज्राचार्यले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा सचीव प्रेमलक्ष्मी तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

धम्मवती गुरूमांको जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति ज्ञानमालाले पनि (असार १८-२५) नै विहान हरेक दिन ज्ञानमाला भजन प्रस्तुत गरेको थियो ।

यसदिन धम्मवती गुरूमांले धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूहलाई जन्मोत्सवको उपलक्ष्यमा रू. ३०००/– सहयोगार्थ नगद चन्दा प्रदान गर्नु भएकी थियो ।

**५. स्वास्थ्य शिविर–**

*२०६६ असार २० गते*

पूज्य धम्मवती गुरूमांको जन्मोत्सवको उपलक्ष्यमा यसदिन निशुल्क स्वास्थ्य शिविर सेवा कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रममा विशेष गरी मधुमेह रोगीहरू लगायत अन्य साधारण रोगहरू पनि परिक्षण गरिएको थियो ।

**६. वर्मी राजदूत एवं श्री लंका राजदूतबाट पनि शुभकामना–**

*२०६६ असार १८ गते ।*

नेपालका लागि वर्मी राजदूतले भिक्षु महासंघबाट पाठ गरिएकी अभिधम्म पाठ श्रवणगरी धम्मवती गुरूमां प्रति शुभकामना एवं सुस्वास्थ्य कामना गर्दै उपहार चढाउनु



*वर्मी राजदूतद्वारा अभिधम्मपाठ श्रवण गर्नुहुँदै*



Downloaded from http://www.dhamma.digital

भएको थियो भनी धम्मवती गुरूमांको तर्फबाट पनि उहाँलाई उपहार प्रदान गरि एको थियो ।

यसरी नै मिति २०६६ असार २४ गते बुद्धवारका दिन पनि नेपालका लागि श्रीलंका राजदूतले पनि अभिधम्मपाठ श्रवण गरी धम्मवती गुरूमां प्रति शुभकामना एवं सुस्वास्थ्य कामना गरी उपहार चढाउनु भएको थियो भनी धम्मवती गुरूमांको तर्फबाट पनि उहाँलाई उपहार प्रदान गरि एको थियो ।

**७. लामा गुरूहरूको तर्फबाट मंगल पाठ–**

धम्मवती गुरूमांको ७५ वर्ष पूरा भएको जन्मोत्सवको उपलक्ष्यमा लामा गुरूहरूको तर्फबाट मंगलपाठ गरी भन्ते



*श्रीलंका राजदूतद्वारा अभिधम्मपाठ श्रवण गर्नुहुँदै*



*लामा गुरुद्वारा मंगलपाठ गर्नुहुँदै*

गुरूमांहरूलाई खादा ओढाई दान प्रदान समेत गरिएको थियो ।

**८. दान प्रदान कार्यक्रम–**

((यसरी सप्ताहव्यापी रूपमा विविध कार्यक्रमहरूमा उपस्थित हुनुभई धम्मवती गुरूमांको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्नुभई पाठ गर्नुहुने सम्पूर्ण भिक्षुमहासंघ, गुरूमांहरू, लामा गुरूहरू, लगायत वज्रयानी गुरूजु र गुरूमांहरूलाई धम्मवती गुरूमांले विशेष रूपमा दान प्रदान गर्नुभएको थियो ।

यसको साथसाथै धर्मकीर्ति विहारका अन्य गुरूमांहरू लगायत उपासकोपासिकाहरूले पनि उहाँहरूलाई दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए ।

## निर्वाण मूर्ति किण्डोल विहारमा तीन दिन सम्म (३६ घण्टे) चौठौं पट्ठान पाठ पाली सम्पन्न

*२०६६ असार २७ - २९*

*निर्वाण मूर्ति, किण्डोल-विहार, स्वयम्भू ।*

पूज्य धम्मवती गुरूमां, ७५ वर्ष पूरा भई ७६ वर्षमा प्रवेश हुनु भएको उपलक्ष्यमा डा. मोलिनी गुरूमां र डा. धम्म विजया गुरूमांको प्रमुख आयोजनामा चौठौं पटकको पट्ठान पाठ सम्पन्न भएको छ ।



*पट्ठान पाठ गर्नुहुँदै दो मुणवती गुरुमां*

असार २७, २८ र २९ गते सम्म दिनको १२ घण्टा (बिहान ५ बजे देखि बेलुकी ५ बजे सम्म) गरी तीन दिनमा ३६ घण्टा २४ जना गुरूमांहरूबाट पाठ गरिएको उक्त कार्यक्रममा बेलुकी ४ बजे देखि ६ बजे सम्म धर्मदेशना कार्यक्रम रहेको थियो । यसको साथै बेलुका धर्मकीर्ति ज्ञानमाला भजनको तर्फबाट ज्ञानमाला भजन पनि प्रस्तुत भएको



*पट्ठान पाठ श्रवण गर्नुहुँदै उपासक-उपासिकाहरू*

[illegible] । उक्त कार्यक्रममा [illegible] पूर्ति किण्डोल विहारको तर्फबाट धर्मकीर्ति ज्ञानमाला भजनलाई रु ५०००/- चन्दा स्वरूप प्रदान गरिएको थियो । यसरी नै धर्मकीर्ति ज्ञानमाला भजनको तर्फबाट पनि यस संस्थाको सम्भनाको चिनो किण्डोल विहारलाई चढाइएको थियो ।

### शाक्य मुनी विहार भवन शिलान्यास

*२०६६ असार १३, सतुङ्गल ।* सतुङ्गल गा.वि.स. वडा नं ६ (ख) मा निर्माण हुन लागेको (शाक्य मुनि कीर्ति विहार) भवन भिक्षुणी धम्मवती गुरूमांबाट शिलान्यास भएको छ । बुद्धपूजा र धर्मदेशना पनि सम्पन्न भएको उक्त कार्यक्रममा थुप्रै उपासको-पासिकाहरू सहभागी भएका थिए ।

## परियत्ति शिक्षा पुरस्कार वितरण

*२०६६ असार १३ गते ।*
*स्थान- धर्मकीर्ति विहार । श्रीघ: न:घ: काठमाडौं ।*



*प्रतिवेदन प्रस्तुत गर्नुहुँदै चमेली गुरुमां*

धर्मकीर्ति विहार परियत्ति शिक्षा केन्द्रबाट २०६५ सालमा परीक्षा दिई उर्त्तिण हुन सफल परीक्षार्थीहरूलाई यसदिन धर्मकीर्ति विहार धम्म हलमा सञ्चालित एक कार्यक्रममा पुरस्कार वितरण गरिएको थियो । भिक्षुणी धम्मवतीको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा भिक्षु निग्रोध र बर्मी राजदूत प्रमुख अतिथी रहनुभएको थियो । भिक्षु निग्रोधले पञ्चशील प्रार्थना गराउनु भएपछि सञ्चालित उक्त कार्यक्रम प्रफुल्ल कमल ताम्राकारले सञ्चालन गर्नुभएको थियो । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सल्लाकार, डा.सुमन कमल तुलाधरले स्वागत भाषण गर्नु भएपछि चमेली गुरूमांले बौद्ध परियत्ति शिक्षा गत वर्षको कक्षाको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

उक्त कार्यक्रममा भिक्षु निग्रोध र श्यामसुन्दर चित्रकारले आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो भने धर्मकीर्ति बौद्ध अध्ययन गौष्ठीका सचिव लोचनतारा तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो । अन्त्यमा भिक्षुणी धम्मवती गुरूमाले आफ्नो मन्तव्य व्यक्त गर्नुभई सभा विसर्जन गर्नु भएको थियो ।

परीक्षामा उत्तीर्ण हुन सफल विद्यार्थीहरूलाई नेपालका लागि बर्मी राजदूतले पुरस्कार वितरण गर्नु भएको थियो । पुरस्कार वितरण कार्यक्रम २०६६ को लागि चन्दा प्रदान गर्नुहुने दाताहरू र चन्दा रकम विवरण यसरी रहेको छ ।

| [illegible] | | |
|---|---|---|
| १. | तारा शाक्य | रू. २०००/- |
| २. प्रति समूह रू. १०००/- | कर्णतता पुच:, चम्पातता पुच: लक्ष्मी वट्ु | रू. ३०००/- |
| ३. प्रति व्यक्ति रू. ५००/- | नानी छोरी, लक्ष्मी हीरा शाक्य,बसुन्धरा लायकूसा: | रू. १५००/- |
| ४. | लक्ष्मी नानी पुच: ध.की. | रू. ६००/- |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ५. प्रति व्यक्ति रू. २००/- | तारा तुलाधर, विपश्यना शाक्य | रू. ४००/- |
| ६. प्रति व्यक्ति रू. १००/- | विमला श्रेष्ठ, केशरी शाक्य, कमला चागल, अनीता शाक्य, ज्ञानशोभा, दानमाया वनस्थली, बेखामाया, हरीवदन, चन्द्रशोभा, मोहनतता, नानी, रत्नदेवी मानन्धर, तारादेवी मानन्धर सूर्य देवी शाक्य | रू. १४००/- |
| ७. प्रतिव्यक्ति रू. ५०/- | मोतीशोभा, लक्ष्मी महर्जन, सुभद्रा, छोरी महर्जन, दानदेवी, सुनीता ताम्राकार, कृष्णदेवी, रूपकमल, घुनशोभा, मैया तता, पूर्णदेवी, मायादेवी, प्रज्ञा शाक्य, कमला, सानुमाया, तारादेवी, प्रतिमा आदि | रू. ८५०/- |
| ८. | शरण शाक्य | रू. ४०/- |
| ९. | वसमाया | रू. ३० /- |
| १०. प्रति व्यक्ति रू. २५/- | नानीमयजु, तुलसी, बाबुनारां | रू. ७५/- |
| ११. प्रति व्यक्ति रू. २०/- | विजुली माया, बसुन्धरा, नानी | रू. ६०/- |
| १२. प्रति व्यक्ति रू. १०/- | सीता, छोरी | रू. ४०/- |
| **अन्य विविध चन्दा विवरण** | | |
| १३. १३ वटा बुद्धमूर्ति | श्याममान वज्राचार्य | |
| १४. रू. १०००/- | जलपानको लागि | |
| १५. रूमाल, साबुन, छाता, टूथ पेष्ट टूथ ब्रस, आदि | धर्मकीर्ति विहारका गुरूमांहरू । | |

**पुरस्कार कार्यक्रमको आय-व्यय विवरण-**

| | | |
|---|---|---|
| (क) | प्राप्त चन्दा रकम जम्मा | रू. ९९९५/- |
| (ख) | खर्च जम्मा | रू. ९७७१/- |
| | बाँकी रहेको जम्मा | रू. २२४/- |


**खर्च विवरण-**

| | | |
|---|---|---|
| (१) | चैत्य ६ वटा | रू. ४२००/- |
| (२) | फ्रेम ९ वटा | रू. ५००/- |
| (३) | ब्याग, डटपेन ७५ वटा | रू. ५५८/- |
| (४) | कापी | रू. २६४८/- |
| (५) | किताब | रू. ८००/- |
| (६) | रीवन ६ चक्का | रू. ३५०/- |
| (७) | प्लास्टिक | रू. १२५/- |
| (८) | इरेजर | रू. ३४०/- |
| (९) | टेप र | रू. २५०/- |
| | जम्मा | रू. ९७७१/- |

## गुरु पूजा

*०६६ असार २३ गते, मंगलबार । स्थान- धर्मकीर्ति विहार ।*

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले भिक्षु



सभापतिको आसन ग्रहण गर्नुहुँदै भिक्षु अश्वघोष महास्थविर एवं स्वागत भाषण गर्नुहुँदै लोचनतारा तुलाधर

अश्वघोष महास्थविरको सभापतित्वमा गुरुपूजा कार्यक्रम संचालन गरिएको थियो । चन्द्रा बज्राचार्यले संचालन गर्नुभएको उक्त कार्यक्रममा लोचनतारा तुलाधरले स्वागत भाषण गर्नुभएको थियो । उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविर लगायत धर्मकीर्ति, विहारका विहार प्रमुख, भिक्षुणी धम्मवती गुरुमां र अन्य गुरुमांहरूलाई धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरूले गुरुपूजा गर्नुभई दानप्रदान गरिएको थियो । कार्यक्रमको अन्त्यमा यस गुरुपूजा कार्यक्रमका संयोजिका उर्मीला मानन्धरले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गरिएको थियो ।

### मनिषा सुब्बा मणिवती गुरुमां बनिन्

*२०६६ असार २३ गते, धर्मकीर्ति विहार, श्रीघः नःघः*

धरान निवासी १९ वर्षिय मनिषा सुब्बा यसदिन भिक्षुणी धम्मवती गुरुमांको आचार्यत्वमा भिक्षु कुमार काश्यप महास्थविर समक्ष शील प्रार्थना गरी प्रव्रजित गुरुमां बनी मणीवती गुरुमां हुनुभएको छ ।

### योगा प्रशिक्षण शिविर सम्पन्न

भिक्षुणी धम्मवती गुरुमां ७५ वर्ष पूरा हुनुभई ७६ वर्ष पुग्नु भएको उपलक्ष्यमा दिव्यज्योति समूह ओटाहिटीका प्रमुख प्राकृतिक चिकित्सक डा. गोपाल प्रधानज्यूले धर्मकीर्ति विहारको धम्महलमा असार ३ गतेदेखि १ हप्ते नि:शुल्क रेकी, योगा प्रशिक्षण शिविर संचालन गर्नुभएको थियो ।

### बुद्ध धर्ममा श्रद्धाको स्थान

*२०६६ जेठ २३ गते*

*प्रवक्ता- डा. कविन्द्र बज्राचार्य । प्रस्तुती- राजभाइ तुलाधर*

यसदिन डा. कविन्द्र बज्राचार्यले बुद्ध धर्ममा श्रद्धाको महत्वबारे प्रकाश पार्नु हुँदै भन्नुभयो–

श्रद्धाविना हामी धर्मपथमा अगाडि बढ्न सक्तैनौं । श्रद्धा भएर नै हामी सबै यो अध्ययन गोष्ठीमा उपस्थित भएका छौं र बुद्ध धर्म सम्बन्धी विषयहरूमा चिन्तन मनन गर्न रुचाएका छौं । कुनै पनि राम्रो काम गर्नलाई पहिला त्यस कामप्रति मनमा श्रद्धा उत्पन्न हुनु जरूरी छ । अनि मात्रै हाम्रो मनमा त्यो काम गर्ने उत्साह जागृत हुन्छ । संयुक्त निकायमा भनिएको छ– संसाररूपी बाढीबाट पार लाग्न अथवा भव संसार तर्न श्रद्धा नभई हुँदैन धर्म प्रवेशमा श्रद्धालाई प्रथम खुडकिलोको रूपमा राखिएको छ । फिटकिरीले पानीमा भएको मैललाई अलग गरे जस्तै श्रद्धाले हाम्रो मनको मैल निकाल्न मद्दत गर्छ ।

धर्मको प्रवेशद्वार नै श्रद्धा हो । तर क्षणिक श्रद्धा उत्पन्न भएर पुग्दैन, यो निरन्तर रूपमा रहनु पर्छ । अनि मात्रै पंच इन्द्रियको अरू खुडकिलाहरूमा क्रमश: अगाडि बढ्न सकिन्छ । बुद्धले कहिले पनि अन्धश्रद्धाबाट ग्रसित भएर भक्तिभावमा लाग्न उपदेश दिनु भएन । कालाम सूत्रमा भगवान्ले भन्नु भएको थियो– कुनै पनि कुरा परम्परा देखि चल्दै आएको, अथवा गुरूले भनेको, अथवा स्वयं मैले (बुद्धले) नै भनेको भए पनि तवसम्म त्यसलाई नमान्नु जबसम्म त्यो कुरा आफुलाई बुद्धिसंगत, युक्तिसंगत लाग्दैन । आफ्नै कुरलाई पनि जाँचेर, प्रयोग गरेर मात्र स्वीकार गर भनेर शायदै अरू कोही धर्म गुरूले भनेको होला ।

हामीले अरू धर्मको राम्रो पक्षलाई ग्रहण गर्नु पर्दछ र आफ्नोमा नराम्रो भए छोड्नु पर्दछ । श्रद्धालाई कहिल्यै पनि अन्धश्रद्धा बनाउनु हुँदैन । हाम्रो श्रद्धा विवेकपूर्ण र प्रज्ञायुक्त छ कि छैन भनेर हामी सधैं सचेत हुनु पर्दछ । त्यसपछि साधारण मात्रै होइन यसलाई दृढ श्रद्धामा रूपान्तरण गर्नु पर्दछ । शील पालनमा दृढ श्रद्धा कर्मवादमा दृढ श्रद्धा, र बुद्ध, धर्म, संघ प्रति दृढ श्रद्धा, भए हामी अवश्य पनि निर्वाण अथवा विमुक्तितिर अगाडि बढ्न सक्नेछौं ।

[illegible]



Downloaded from http://www.dhamma.digital

# शुभकामना धम्मवती गुरुमां छ:पिन्त

■ नन्दी हिरा कुलावर
(माउन्ट ग्रीन स्कूल)

शुभकामना शुभकामना ।
धम्मवती गुरुमां छ:पिन्त ॥
न्हेखुदंया जन्म दिंया उपलक्षे ।
दीर्घायु व सुस्वास्थ्य कामना यासे ॥
हृदय पुखुली ह्वःगु स्वाँ ज्वना: ।
वयाच्वना छ:पि नि न्हयोने दना ॥
शुभकामना शुभकामना ।
धम्मवती गुरुमां छ:पिन्त ॥
लोभ लालच व मोहे तुना: ॥
संसारीक सुखे भुले जुया: ॥
सीमाली छन्तु धैगु हे लोमना: ।
च्वंपि फुक्क सितं होश म्वु म्वू ॥
उपकार याना बिज्या:म्ह गुरुमां ।
छ:पिन्त यक्को यक्को वन्दना ॥
शुभकामना शुभकामना ।
धम्मवती गुरुमां छपिन्त ॥
क्षणीक सुखे भुले जुया:।
कुम्भकर्ण थें चेना च्वं पिन्त ॥
बुद्ध वचन या तिक्ष्ण बाणं ।
होशे हय् माल नुगले कयका: ॥
शुभकामना शुभकामना ।
धम्मवती गुरुमां छपिन्त ॥
न्ह्याथपं च्वयक, नुगले छिका:।
खिचा तानी, ल्वापु क्यापु ॥
चुइका फुक्कं महासागरस ।
याय माल उपकार धैगु थुइका:॥
पञ्चशीलया अर्थ थुइका:।
न्यना तयागु नुगहे हीका: ॥
उद्धार याना बिज्याहुँ गुरुमां ।
शुभकामना शुभकामना ।
धम्मवती गुरुमां छपिन्त ॥
जिगु यक्को यक्को शुभकामना ।

# धात्थेंगु सुख

■ भरत राज चित्रकार
त्यौड, टंलाछीपा: (वयुनगी)

थौं धा धां कन्हेय् धा धां
भीगु आयू चिहा जुजुं वन रे
सुख धा धां ब्वाँय, जुल तकलें
दु:ख जक भन ल्यू ल्यू वल रे

थ्व जिगु व छंगु धा धां भीसं
भौतिक संपत्ति जक मुनाच्वना रे
धुकिईया माया थ्व वस्तुइ भीत ?
छन्हूला फुक्कं त्वता वनेमानि रे

धर्म धा धां कर्मया फल मसिया
ग: किया प्राणीया हत्या यात रे
थ:गु न्हयोने कुकर्म यागु स्वया
थो: गनं भीखनां लयूताइ रे ?

तृष्णाया जा:लय् जक तक्येना भी
होश हे मदेयक रोगं बस्वाइ रे
फसं क्या चिकं ईता: फ्वाक्क: सीथें
जीवन भीगुनं क्येहे छन्हू फुनावनि रे

थ: बल्लातकं कतपिन्त कवत्येलिपिं भीपिं
भाग्यमानी तायूका भी लयूताइपिं रे
ल्वयूतं ग्रस्त जुया लासाय् च्वलाजुई छन्हू
यम्हं यानावङगु कुकर्म फुकं भले लुमनावई रे

ईलय् हे धर्मया मर्म मथुल धायेव
म्वानाने भी सिइम्ह थें जुई रे
शील, समाधी व प्रज्ञा थुइकेया निर्ति
"विपश्यना" ध्यान छुक्सां च्वंवनेनू रे

म्हुतु छप्वा: जकं "पंचशील" ब्वोना मच्वंसे
पालना हे याना छक: स्वयनु रे
मन क्वातुका: सुकर्मय् च्वला: न्हयाकूसा
थ्व थें जागु सुख भीत मेगु छु दै रे ?

**२५९८ औं धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा विभिन्न स्थानहरूमा विभिन्न कार्यक्रम सञ्चालन गरी धर्मचक्र प्रवर्तन दिवस मनाइएको कुरा थाहा हुन आएको छ। जुन यसरी रहेको छ–**

*(१) नगदेश, ठिमी।*

असार पूर्णिमा, गुरु पूर्णिमाको दिनमा नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुच: नगदेशको संयुक्त आयोजनामा "२५९८ औं धर्मचक्र प्रवर्तन दिवस" मनाउने उद्देश्यले प्रथमत: भव्य बुद्ध पूजाको आयोजना गरीयो। यो बुद्ध पूजाको प्रारम्भमा हालसालै बर्मा म्यानमारबाट पाल्नु भएका श्रद्धेय भिक्षु सुशिलज्यूबाट अष्टशील पञ्चशील प्रार्थना गराउनुभई बुद्ध पूजा कार्य सम्पन्न भए लगतै "२५९८ औं धर्मचक्र प्रवर्तन दिवस" सम्वन्धि प्रवचन कार्यक्रम शुभारम्भ गरियो। सो पवित्र कार्यक्रमको अध्यक्षता नगदेश बौद्ध समूहका अध्यक्ष न्हुछे कुमार सिंकेमनले गर्नु भयो भने स्वागत मन्तव्य समूहका कोषाध्यक्ष राम भक्त हाँयजुले गर्नु भयो। अतिथिको रूपमा पाल्नु भएका थेरवाद बौद्ध दायक केन्द्रीय परिषदका अध्यक्ष बखत बहादुर चित्रकार ज्यूले मन्तब्यको क्रममा गुरूपूर्णिमाको घट्ना र परिवेशबाट शिक्षा लिई आ-आफ्नो जीवन सुधार गर्नु पर्ने कुरामा जोड दिनु भयो भने बौद्ध विद्वान डा. सानु भाई डंगोल ज्यूले धर्मचक्र प्रवर्तन सूत्रको मर्मलाई बुझी बुझाई दुई अतिबाट जोगी मध्यम मार्ग अपनाई सम्यक जीवन यापन गर्नु पर्ने कुरोमा विशेष जोड दिनु भयो। त्यस्तै गरी नगदेश बौद्ध समूहका सचिव उपासक कृष्ण कुमार प्रजापतिले बौद्ध जगतमा असार पूर्णिमाको उपादेयता बारेमा मन्तब्य दिनु भयो। यी असार पूर्णिमाको दिनमा भगवान बुद्धको जीवनी सित प्रत्यक्ष अप्रत्यक्ष सातवटा संयोग परेकोले सो महान दिनको महत्व रहेको चर्चा गर्नु भयो।

भोजन पश्चात् भगवान बुद्धको मूर्ति खटमा राखी सांस्कृतिक धिमेबाजा बजाइ ज्ञानमाला भजन गाई लावा लस्कर सहित मध्पुर थिमि नगर वडा नं. ४,५र ६ स्थितको ऐतिहासिक नगदेश परिक्रमा गरी २५९८ औं धर्मचक्र प्रवर्तन दिवस कार्यक्रम सम्पन्न गरिएको थियो। सो परिक्रमामा श्रद्धेय भिक्षु सुशिलज्यू, श्रामणेरहरू र श्रद्धेय अ.केशावति गुरूमाँ समेत सरिक हुनु भएकोले नगदेश परिक्रमा जस्ता शान्तियात्रामा रौनक थपेको सर्वत्र महशुस गरेको छ। भवतु सब्ब मङ्गलं।

**(२) धर्मचक्र प्रवर्तन दिवसया लसताय् प्रभातफेरी**

सिद्धार्थ गौतम बुद्ध दकले न्हापां उपदेशया बिज्यागु दिं २५९८ औं धर्मचक्र प्रवर्तन दिवसया लसताय् ख्वपया बौद्ध समकृत विहारं छगू प्रभातफेरी ज्याझ्व: जुल। बुद्धया उपदेश मार्फत शान्ति सन्देश बीगु आजुयाय् बौद्ध संघ भक्तपुरया ग्वसालय् जूगु थ्व ज्याझ्वलय् ख्वपया थीथी गुंलाबाजं खल: थीथी बौद्ध संस्था व उपासक उपासिका पिसं ब्वति काल। ख्वपया थी थी थासय् चाहिलें विधयूका: थन हे बिहारय् ध्यंका क्वचागु थुगु ज्याझ्वलय् संघया अध्यक्ष संघरत्न शाक्यजुं सकल श्रद्धालुपिन्त सुभाय् देछाया दिल।

**(३) धर्मचक्र प्रवर्तन दिवसया लसताय् प्रवचन**

२५९८ औं धर्मचक्र प्रवर्तन दिवसया लसताय् ख्वपया भोलाछें त्वालय् बौद्ध संघ भक्तपुरया ग्वसालय् छगू प्रबचन ज्याझ्व: जुल। ग्रहस्थ जीवन व बुद्ध धर्मया विषयलय् जूगु थुगु ज्याझ्वलय् भिक्षु निग्रोध पाखें प्रवचन याना बिज्यागु ख:। पंञ्चशील प्रार्थना यासें शुरू जूगु थुगु ज्याझ्वलय् त्रिरत्न शाक्यं शुभाय् बीधुंका: पुण्यानुमोदन यासें क्वचाल। ज्याझ्वलय् दीपंकर ज्ञानमाला भजन खल: पाखें ज्ञानमाला भजन नं न्हेयब्व:गु जुल।

**सामूहिक प्रव्रज्या दिक्षा**

गत असार १९ गते शुक्रवार बस भोलपुर टक्सार शाक्य समाजको आयोजनामा ८ जना शाक्य कुलपुत्रहरूलाई सामूहिक प्रव्रज्या दीक्षा प्रदान गर्ने कार्यक्रम सम्पन्न भएको छ। थेरवादी परम्परा अनुसार दीक्षित प्रव्रजित श्रामणेरहरूलाई थेरवादी बुद्ध शासन अनुकुल श्रामाकरण गरी २० गते शनिवार विश्व शान्ति विहार मीनभवनमा संचालित मासिक बुद्ध पूजा एवं धर्म देशना कार्यक्रममा सहभागी गराई भिक्षु निग्रोधबाट धर्मोपदेश श्रवण गराइएको थियो। त्यस्तै २१ गते आइतवार पनि सोही विहारमा उहाँले सम्पूर्ण उपस्थित महानुभावहरूलाई स्वागत गर्नुका साथै नवप्रव्रजित श्रामणेरहरूलाई पंचशीलको धर्म एवं महत्व र प्रव्रजित



Downloaded from http://www.dhamma.digital

जीवनको महत्वबारे अत्यन्त सरल एवं प्रभावकारीढंगबाट धर्मदेशना गर्नु भएको थियो ।

समाजको वार्षिक कार्यक्रमानुसार यही अनुसार २३ गते धर्मचक्र प्रवर्तन दिवस मनाउने सिलशीलामा समाजका संघ आजु श्री जगत वहादुर शाक्य निवास इमाडोलमा समाजका वयोवृद्धा उपासिका सुश्री जगत कुमारी शाक्यको ९२ औं जन्मोत्सवको उपलक्ष्यमा समाजका सम्पूर्ण सदस्यहरू एवं परिवारका आफन्तजनहरू समेत भेला भै ज्ञानमाला भजन सम्पन्न गरिनुका साथै श्रद्धेय भिक्षु अश्वघोष प्रमुख भिक्षुसंघ एवं भिक्षुणी गुरूमा संघ उपस्थित गराई बुद्ध पुजा एबं परित्राण पाठ गरी निज उपासिका जगत कुमारी शाक्यको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दै शुभकामना व्यक्त गरियो ।

भिक्षु अश्वघोष महास्थविरद्वारा पंञ्चशील प्रार्थना गराई धर्म देशना गर्नु भएको उक्त कार्यक्रमको अन्तमा भिक्षु धर्ममूर्ति महास्थविर द्वारा पुण्यानुमोदन पश्चात् समापन गरीएको थियो । अन्तमा उपस्थित सम्पूर्ण भिक्षु भिक्षुणीहरूलाई दानप्रदान सहित अन्य उपस्थित सम्पूर्ण समाजका सदस्यहरू लगायतलाई उपस्थित जगत कुमारी शाक्यको तर्फबाट भोजन दान गरिएको थियो ।

## पुनः मिलन भेला

*२०६६, असार १०*

*स्थान- OHIO State America, Yellow Spring*

डा. मोलिनी गुरूमां र डा. धम्म विजया गुरूमां अमेरिकाको OHIO State स्थित Antioc University को Study Abroad Buddhist Studies Programme in Buddha gaya को ३० वर्षिय पुनः मिलन भेलामा भाग लिनुभई नेपाल फर्कनु भएको समाचार छ । प्राप्त समाचारमा उल्लेख भएअनुसार उहाँहरूले उक्त संस्थामा विगत सन.१९९६ देखि अध्यापन गराउँदै आउनुभएको थियो । उहाँहरूका साथमा बुद्धगया भारत स्थित वर्मी विहारका प्रमुख उ न्यानिन्दा महास्थविरले पनि उक्त कार्यक्रममा प्रमुख अतिथीको रूपमा भाग लिनु भएको थियो ।

## मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा र धर्मदेशना

*२०६६ असार १६ गते ।*

*स्थान- मैत्री बोधिसत्त्व महाविहार, जमल ।*

यसदिन धर्मकीर्ति ज्ञानमाला भजनबाट ज्ञानमाला भजन प्रस्तुत भइसकेपछि धम्मवती गुरूमांले पञ्चशील प्रार्थना गराउनु भई बुद्धपूजा कार्यक्रम सञ्चालन गर्नुभएको थियो । त्यसपछि उहाँले आषाढ पूर्णिमाको दिन भगवान बुद्धको जीवनमा घटेका घटनाहरूको संयोग विषयमा चर्चा गर्नुहुँदै धर्मदेशना गर्नुभएको थियो ।

यसदिन कार्यक्रममा उपस्थित हुनुभएका सम्पूर्ण सहभागीहरूलाई शील शोभा तुलाधर र उहाँका सुपुत्र संजीव तुलाधर लगायत सपरिवारको तर्फबाट जलपानको व्यवस्था मिलाउनु भई पूण्य सञ्चय गर्नु भएको थियो ।

## मैत्रय युवा संघ पाखें ध्यानशिविर

*प्रस्तुती- लक्ष्मीचन्द्र वज्राचार्य, ख्वप*

अप्वयाच्वंगु सामाजिक अपराध मानसिक विचलन व विकृतियात शान्ति, सुच्चरित्र विकास यायृत मैत्रय युवा संघ पाखें अन्तराष्ट्रिय भावना केन्द्र शङ्खमूलया सकृयताय् छन्हुया ध्यानशिविर क्वचाल ख्वपया थथुवही (जयकीर्ति विहार) स जूगु ध्व शिविरय् भिंदँनिसे भिंच्याँदँ तक्कया भाजु मयजु ब्वनामिपिसं ब्वतिकाल । थुगु ज्याझ्वलय् प्रशिक्षकपिं अरगञाणी, विमलञाणी गुरूमापिं व सविता धाख्वा सानुकाजी शाक्य तथा हेमवहादुर शाक्यपिंस प्रशिक्षण वियादिल । सुथय् ७ वजे निसें सन्ध्याईया ६ वजे तक्क जूगु शिविर अष्टशील ग्रहण यासें शुरू जूगु खः सानुकाजि शाक्यं परिचय वियाविज्याकथं वसपोल धम्माचरिय उपाधि काःपिं मध्ये नेपाया स्वम्हम्ह व प्यम्हम्ह धम्माचरियपिं खः । संघया अध्यक्ष तिर्थराज बज्राचार्य लसकुस यानादिगु थुगु ज्याझ्वलय् हेमवहादुर शाक्यं धन्यवाद वियादिगु जुल ।

> 'धर्ममा मात्र रमाउने, धर्मनै मन लगाउने, धर्मकै चिन्तन गर्ने, स्मरण गर्ने भिक्षु कहिल्यै पनि सद्धर्मबाट पतन हुँदैन ।'
>
> 'सधैं सत्य बोल्ने, क्रोध नगर्ने तथा माग्न आउनेलाई केहीनकेही दिने यो तीन काम गर्ने व्यक्ति देवलोकमा जान्छ ।'
>
> \- धम्मपद

बा.अं.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूप समोसुखो ॥**



*जन्म:*
*ने.सं. १०४४ ञँलाथ्व सप्तमी*
*वि.सं. १९८१ भाद्र २२ गते*

*दिवंगत:*
*ने.सं. ११२९ तछलागा चौथी*
*वि.सं. २०६६ ज्येष्ठ २९ गते*

जिमी अतिकं हने बहःम्ह माँ दिवंगत मयजु
हीरा देवी कंसाकार (ङत, पसःननी) ८५ दँया वैशय् आकाङ्झाकां
दिवंगत जुया दिइगुलिं वसपोलया चीर शान्ति कामना यासे निर्वाण
पथ प्राप्त ज्वीमा धैगु भगवान याके प्रार्थना याना च्वना ।

*कायपिं व भौपिं–*
**देवरत्न – तारादेवी, दिव्य रत्न – मीरा**
*म्ह्यायपिं व म्ह्याय् जिलाजंपिं–*
**दानदेवी –**
**सुशिला – ऐश्वर्यरत्न ताम्राकार**
**मंगला – अर्थरत्न तुलाधर**
*भिन्चापिं–* **दिलशोभा बनिया, कमलशोभा ताम्राकार**
*किजाभौ–* **लक्ष्मी देवी तुलाधर**
*केहें पिं–* **ज्ञानदेवी श्रेष्ठाचार्य, मायादेवी ताम्राकार, केशरीदेवी (कान्छी) तुलाधर**
*काय् छ्यपिं–* **अमिनरत्न, जुलियाना स्थापित, प्रशान्तरत्न, प्रतिष्ठा**
*म्ह्याय् छ्यपिं–* **वीरेन्द्र मान तुलाधर, सरिता, सर्मिता, सुनिता, सुनयना, रेजिना, स्मृति, भृष्टि, आस्था, समर्थ, दृष्टि**
*छ्वीपिं–* **विनय, सुजाना, गृष्मा, रेशमा, प्रियासा, रोमिया, अजर, निर्भिक, सुविना**

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४४३४८२०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९२१
व्यापारिक कार्यालय: सुकपथ, काठमाडौं । फोन: ४२५१०३२, ४२५१४५०, फ्याक्स: (९७७-१) ४२५८६५६

Downloaded from http://www.dhamma.digital